मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक २०३ ● २०८२ साल जेष्ठ २३ गते शुक्रबार ● Friday 06, June 2025 ● सूर्योदयः बिहान ५:११ बजे ● सूर्यास्तः साँझ ६:५७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## वातावरण संरक्षणमा सरकार-समुदाय सहकार्य

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले जलवायु परिवर्तन र वातावरणीय समस्याका कारण पर्ने प्रभावहरूको न्यूनीकरणका लागि समुदाय, सरकार र अन्य सरोकारवालाको सहकार्यमा कार्य गर्ने प्रतिबद्धता जनाएका छन्।
उनले वन, वातावरण, कृषि, खानेपानी, सिंचाइ, लैंगिक आदि सहितको एकीकृत रणनीति योजना निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने विषयलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताए। मधेश प्रदेशका विभिन्न स्थानमा विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण, महिला नेतृत्वमा वातावरणीय न्याय, युवाको सक्रिय सहभागिता र दिगो विकासका लागि एकीकृत रणनीति निर्माणका कार्यक्रमहरू आयोजना गरिएका छन्। यी कार्यक्रमहरूले प्रदेशका स्थानीय तहहरूमा वातावरणीय समस्याबारे जनचेतना अभिवृद्धि गर्न र दीगो विकासका लागि कदम चाल्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

# आज सार्वजनिक हुँदै मधेश सरकारको नीति तथा कार्यक्रम
# विकास, समावेशिता र सुशासन प्राथमिकतामा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले शुक्रबार आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम सार्वजनिक गर्न तयारी अवस्थामा पुगेको छ । प्रदेश प्रमुख सुमित्रा भण्डारीले संसद्मा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यसूची तय भएको छ ।
यसपालिको नीति तथा कार्यक्रमलाई पहिलाको भन्दा फरक र इन्टर–कनेक्टेड एप्रोचमा ल्याउन लागिएको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन प्रसाद साहले जानकारी दिए । उनका अनुसार सरकारले कृषि, शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता जीवनसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रमा व्यवसायिक दृष्टिकोणसहित विशेष प्राथमिकता दिएको छ । उपाध्यक्ष साहका अनुसार यसपटकको नीति तथा कार्यक्रमले कृषिक्षेत्रमा आमूल सुधार गर्ने उद्देश्य राखेको छ । 'आन्तरिक उत्पादन बढाउने र कृषिमा नयाँ प्रविधि तथा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने खालको नीति ल्याउन लागिएको छ,' साहले भने । कृषिमा आत्मनिर्भरताको नारा मात्रै नभई बिउ–विजन, सिंचाइ, भण्डारण, बजारीकरण र कृषि बीमामा एकीकृत ढंगले काम हुने गरी योजनाहरू निर्माण गरिएको उल्लेख छ । मधेशका युवामाझ बढ्दो बेरोजगारी समस्या समाधान गर्न सरकारले रोजगारी सृजनालाई प्राथमिकतामा राखेको छ । 'वैदेशिक रोजगारी निर्भरतालाई घटाउँदै युवालाई प्रदेशमै अवसर दिने योजनामा सरकार केन्द्रित हुनेछ,' साहले भने । यसका लागि सीप विकास, उद्यमशीलता प्रवद्र्धन, स्टार्टअप अनुदान र कृषिमा नवप्रवर्तनशील लगानीका कार्यक्रम समेटिएको छ । शिक्षा र स्वास्थ्य सेवामा 'व्यवसायिकता र गुणस्तरीय सेवा प्रवाह' को दृष्टिकोणबाट नीति ल्याइने भएको छ । शिक्षामा निजी साझेदारीलाई सन्तुलनसाथ लैजाने र प्राविधिक तथा व्यवसायिक शिक्षालाई विस्तार गर्ने तयारी छ । स्वास्थ्यतर्फ प्राथमिक स्वास्थ्य केन्द्रदेखि प्रादेशिक अस्पतालसम्मको सेवा विस्तार, उपकरण अद्यावधिक र मानव संसाधन व्यवस्थापनमा सुधार ल्याउने योजना रहेको जनाइएको छ । डा. साहका अनुसार यसपालिको नीति तथा कार्यक्रम कुनै एक मन्त्रालयको एकल दायरा भन्दा पर जान खोजेको छ । 'एक क्षेत्रको नीति अर्को क्षेत्रसँग जडान हुने गरी समन्वित नीति ल्याउँदैछौं,' उनले भने । कृषि उत्पादनसँग रोजगारी, शिक्षा र तालिम कार्यक्रमको सञ्जाल बाँधिएको छ । नीति तथा कार्यक्रम शब्दजालभन्दा व्यवहारिक कार्यान्वयनमै केन्द्रित हुने दाबी आयोगको छ । 'यसपालिको नीति मात्र घोषणापत्र जस्तो हुने छैन, त्यसको आधारमा बजेट र कार्यक्रम आउँछ र कार्यान्वयन पनि सुनिश्चित गरिनेछ,' डा. साहले भने । मधेश सरकारले शुक्रबार दिउँसो ३ बजे प्रदेशसभाको विशेष बैठकमार्फत नीति तथा कार्यक्रम प्रस्तुत गर्नेछ । त्यसपछि संसद्ले नीति तथा कार्यक्रममाथि छलफल गरी आगामी बजेट निर्माणको प्रक्रिया अघि बढाउने छ ।

## विशेष अदालतमा ठूला हस्तीहरूलाई भ्रष्टाचारको झट्का
# माधव नेपालसहित ९३ जनामाथि मुद्दा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्वप्रधानमन्त्री एवम् नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालविरूद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ । पतञ्जलीको जग्गा हिनामिना प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बिहीबार अध्यक्ष नेपालसहित ९३ जनाविरूद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो । मुद्धा लाग्नेमा पूर्वकानून मन्त्री प्रेमबहादुर सिंह, तत्कालीन भूमि सुधार सचिव छविराज पन्त लगायत छन् । अध्यक्ष नेपालसँग १८ करोड ५८ लाख ५० हजार बिगो मागदाबी भएको विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए । काभ्रेमा रहेको पतञ्जली योग पिठ तथा आयुर्वेदिक कम्पनीका नाममा रहेको हदबन्दी छुटको जग्गा किनबेच गरेको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अध्यक्ष नेपाल सहितको बयान लिएको थियो । २०६६ सालमा माधवकुमार नेपाल प्रधानमन्त्री हुँदा मन्त्रिपरिषद्बाट निर्णय गरेर हदबन्दी छुटमा रहेको जग्गा खरिद गर्ने स्वीकृति दिइएको थियो । तर, पछि हदबन्दीभन्दा बढी कानूनविपरीत जग्गा बिक्री गरेको भन्दै उजुरी आएपछि अख्तियारले यसबारे अनुसन्धान अघि बढाएको थियो । अख्तियारमा भ्रष्टाचार मुद्दा दायर भएसँगै एकीकृत समाजवादीका सांसद माधवकुमार नेपालको पद निलम्बनमा परेको छ । भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३३ अनुसार भ्रष्टाचार मुद्दा लागेमा मुद्दा किनारा नलागेसम्म स्वतः निलम्बनमा रहने व्यवस्था छ । यसैबिच, पूर्वप्रधानमन्त्री नेपालले अनुचित काम गरेर आफूले एक पैसा पनि भ्रष्टाचारजन्य काम नगरेको दावी गरेका छन् । काठमाडौं फर्कने क्रममा बाराको सिमरा विमानस्थलमा सञ्चारकर्मीलाई छोटो प्रतिक्रिया दिँदै नेपालले यस्तो बताएका हुन् । प्रधानमन्त्री रहेका बेला आफूले कुनै पनि मन्त्रीलाई कानुनविपरीत काम गर्न निर्देशन नदिएको उनको भनाइ छ ।

# मधेशमा कृषि आत्मनिर्भरता र छोरी शिक्षा बीमामा जोड



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको पाँचौं अधिवेशन बिहीबारबाट शुरु भएको छ । प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीको आह्वानमा सभामुख रामचन्द्र मण्डलले अधिवेशन प्रारम्भ भएको पत्र पढेर बैठक सञ्चालन गरे । प्रतिपक्षको विरोधका कारण जेठ २१ गते शुरु हुन नसकेको अधिवेशन एक दिन ढिलो गरी शुरु गरिएको हो । बैठकमा प्रदेश सरकारले विभिन्न महत्त्वपूर्ण विधेयकहरू टेबुल गरेको छ । तीमध्ये 'मधेशमा पर्यटनको विकास र प्रवद्र्धन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक', 'प्रदेश कृषि विकास सम्बन्धी विधेयक' र 'प्रदेश बाल अधिकारसम्बन्धी ऐन संशोधन विधेयक' रहेका छन् । साथै, केही विधेयक प्रमाणीकरण भएको जानकारी पनि सभामुख मण्डलले बैठकमा प्रस्तुत गरे । बैठकको प्रारम्भमा दलका नेताहरूले अधिवेशनको सफलताको शुभकामना दिँदै वर्तमान राजनीतिक परिवेशप्रति गम्भीर टिप्पणी गरे । पूर्वमुख्यमन्त्री लालबाबु राउतले संघीयता स्वीकार्न नसक्ने शक्तिहरूले निरन्तर अवरोध सिर्जना गरिरहेको आरोप लगाउँदै भने, 'मुलुकको अवस्था यति तरल छ कि कुन दल कहिले सत्ता र कहिले प्रतिपक्ष हुन्छ भन्ने पशुपतिनाथबाहेक कसैले भन्न सक्दैन ।' राउतले मधेशमा स्थानीय जनप्रतिनिधिहरूको सम्मान गुम्दै गएको र वडाध्यक्षको चाकरी गर्नुपर्ने अवस्थाले लोकतन्त्रलाई कमजोर बनाएको बताए । उनले आफूले शुरु गरेको छोरी शिक्षा बीमा कार्यक्रमको पुनः सञ्चालनको माग गर्दै भने, 'गरिब, दलित, विपन्न परिवारका लागि यो योजना सामाजिक न्यायको प्रतीक थियो । त्यसैले यसलाई निरन्तरता दिनुपर्छ ।' सांसद गोविन्द न्यौपानेले मधेशमा कृषि आत्मनिर्भरता हुन नसक्नुको दोष स्थानीय तहको कमजोर इमानदारितामा देखे । उनले भने, 'आज हामी विदेशी अन्नमा निर्भर छौं, अब संघले नसकेको काम पनि प्रदेशले गर्नु पर्छ । कमलाको पुल हामीले बनाउनु पर्छ ।' सांसद जयनुल राइनले संघीयताको रक्षा सबैको साझा दायित्व भएको बताउँदै मुस्लिम, दलित र बालिकाको सुरक्षामा प्रदेश सरकार मौन बसेको भन्दै आलोचना गरे । सांसद युवराज भट्टराईले प्रदेश सरकारको कमजोरीकै कारण विभिन्न आन्दोलनहरू जन्मिएको दाबी गर्दै भने, 'अब दलहरू सुध्रिनु जरुरी छ । दमनले आन्दोलन थामिँदैन । जनताले अनुभूत गर्ने गरी बजेट ल्याउनु पर्छ ।' सांसद महेश यादवले प्रमुख प्रतिपक्ष कांग्रेसको अनुपस्थितिलाई गैरजिम्मेवार कदम भन्दै प्रहरी ऐन र कर्मचारी ऐन जस्ता विधेयकमा ठूला दलले सहकार्य गर्नुपर्नेमा जोड दिए । सांसद विमला अन्सारी तरन्नुमले भ्रष्टाचार अन्त्य हुने अपेक्षासहित अधिवेशनमा सहभागी भएको बताउँदै राजसंस्थाको पुनःस्थापनाको नाममा भइरहेको अराजक गतिविधिको विरोध गरिन् । उनले सर्लाहीमा मुस्लिम युवालाई सुंगुरको खोरमा राखिएको घटना दुखद भएको उल्लेख गर्दै पीडितलाई क्षतिपूर्ति र सरकारको धारणा माग गरिन् । विपरीत धारणा राख्दै सांसद कञ्चन विच्छाले हिन्दू राष्ट्र र राजा सहितको प्रजातन्त्रको पक्षमा भइरहेको आन्दोलनमाथि गरिएको दमनको निन्दा गरिन् । उनले राजसंस्थाको विरोध गर्ने सांसदहरूको आलोचना गर्दै 'जनभावनालाई दबाउने काम बन्द हुनुपर्ने' बताइन् ।

## योजना अनियमितता छानबिनका लागि संसदीय विशेष समिति गठन



मधेश प्रदेश सरकारले विकास योजनामा भएको अनियमितता छानबिनका लागि १० सदस्यीय संसदीय विशेष छानबिन समिति गठन गरेको छ ।
बिहीबार बसेको प्रदेशसभा बैठकले समिति गठन गर्दै आर्थिक वर्ष २०८१\८२ मा योजना खरिद–बिक्री र बजेट कार्यान्वयनका क्रममा देखिएका अनियमितताबारे छानबिन गर्ने जिम्मेवारी दिएको हो । समिति गठन प्रदेशसभा सञ्चालन नियमावलीको नियम १५२ बमोजिम गरिएको हो । विपक्षी दल र सत्ता पक्षकै केही सांसदले योजनामा भ्रष्टाचार भएको भन्दै पटक–पटक सदन अवरुद्ध गरेपछि विशेष समिति गठन गरिएको हो । समितिमा प्रतिनिधित्व गर्ने सांसदहरूमा केशव राय, कुमरकान्त झा, रहबर अन्सारी, किरण कुमारी, शम्भु कुमार साह, रमिता प्रधान, कनिष पटेल, उर्मिला सिंह, विमला अन्सारी र कञ्चन बिच्छा रहेका छन् । यसअघि, चैत २७ गते सभामुख रामचन्द्र मण्डलले योजना अनियमितता प्रकरणमा छानबिन गर्न सरकारले समिति गठन गर्न निर्देशन दिएका थिए । तर, सत्तारुढ दलको चासो नदेखिँदा त्यो निर्देशन कार्यान्वयन हुन सकेको थिएन । सांसदहरूले विशेषगरी भौतिक पूर्वाधार विकास मन्त्रालय र अर्थ मन्त्रालयअन्तर्गतका योजना तथा क्रियाकलापहरूमा बजेट दुरुपयोग, गुणस्तरहीन काम, अवैध खरिद प्रक्रिया र सेटिङमा योजनाको भागबन्डा भएको आरोप लगाउँदै आएका छन् । विशेष समितिले अब छानबिन शुरु गर्नेछ । समितिले आवश्यक परे सम्बन्धित मन्त्रालयका अधिकारी, कर्मचारी र ठेकेदारहरूलाई सोधपुछ गर्ने, कागजात संकलन गर्ने तथा प्रतिवेदनमार्फत सिफारिस गर्ने अधिकारसमेत पाउनेछ ।

## कांग्रेस–एमाले गठबन्धन सरकार
# २०८४ सम्म टिक्छः सभापति देउवा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली कांग्रेस र नेकपा एमालेको नेतृत्वमा रहेको वर्तमान गठबन्धन सरकार पूर्वसहमति अनुसार २०८४ सालसम्म टिक्ने दाबी गरेका छन् । सभापति देउवाले सरकार स्थायीत्वतर्फ अघि बढेको र गठबन्धनमा कुनै द्विविधा नरहेको प्रष्ट पारे । सभापति देउवा नेपाली कांग्रेसका स्वर्गीय नेता ठाकुर प्रसाद ढुङ्गानाको ६२औँ स्मृति दिवस, सालिक अनावरण र पुस्तक विमोचन कार्यक्रममा सहभागी हुन दुई दिने भ्रमणमा धनुषा आएका हुन् । कार्यक्रममा देउवासँगै पार्टीका वरिष्ठ नेता विमलेन्द्र निधि लगायत अन्य नेताहरूको पनि उपस्थिति थियो । सभापति देउवाले पछिल्ला दिनमा प्रतिनिधिसभामा देखिएको अवरोधबारे भने, 'संविधानसम्मत रूपमा बनेको सरकारलाई अवरोध गर्नु गलत हो । संसद् चल्नैपर्छ ।' उनले गृहमन्त्री रमेश लेखकको राजीनामा माग्ने विपक्षीहरूको मागलाई 'तर्कहीन र बेतुकको' भन्दै आलोचना गरे । 'यस्ता माग संसद अवरुद्ध गर्न प्रयोग गरिन्छ । यसले जनताका मुद्दा थाती रहन्छन्,' उनले थपे । नेता देउवाले पूर्वराजा समर्थक समूहद्वारा भइरहेको प्रदर्शनलाई 'अर्थहीन र अस्वीकार्य' भन्दै भने, 'राजावादी आन्दोलन तुहिइसकेको छ । जनताले बहुदलीय लोकतन्त्रलाई स्वीकार गरिसकेका छन् । अब त्यो पथबाट फर्किने कुनै सम्भावना छैन ।' उनले पूर्वराजा समर्थकहरूको गतिविधिलाई गणतन्त्रविरोधी भन्दै जनताको त्याग र बलिदानमाथि कुठाराघात भएको आरोप समेत लगाए । 'गणतन्त्र जनताको ऐतिहासिक निर्णय हो, यसको विरुद्धको आन्दोलन चलाउनु राष्ट्रविरुद्धको कार्य हो,' देउवाले भने । सभापति देउवाले हालै सरकारले संसदमा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेटलाई 'सन्तुलित र समावेशी' बताउँदै यसको सफल कार्यान्वयनमा जोड दिए । 'यो बजेट सबै क्षेत्रलाई समेट्ने खालको छ, विकास, रोजगारी र समावेशीतासँग मेल खाने योजना समेटिएको छ,' उनले टिप्पणी गरे । मधेश प्रदेशमा नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्ने सम्भावनाबारे सोधिएको प्रश्नमा देउवाले सरकार नेताहरूको आकांक्षाले नभई जनताको चाहना अनुसार बन्ने बताए । 'यदि जनताले चाह्यो भने मधेशमा पनि कांग्रेसको सरकार बन्नेछ, त्यो समयले देखाउनेछ,' देउवाको प्रतिक्रिया थियो । सभापति देउवाको धनुषा भ्रमण अन्तर्गत स्मृति कार्यक्रमपछि विभिन्न भेटघाट, अन्तक्रिरया र कार्यकर्ता भेलामा सहभागिता रहने कार्यक्रम छ । सभापति देउवाले शुक्रबार जनकपुरधाममा नवनिर्मित मैथिली विकास कोषको भवन उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

## कृषि अनुदान काण्डः पूर्वसचिव
# डा. नम्रता सिंहसहित तीन जना दोषी ठहर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
\मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको एक करोड रुपैयाँ कृषि अनुदान काण्डमा पूर्वसचिव डा. नम्रता सिंहसहित तीन जना दोषी ठहर भएका छन् । विशेष अदालतको इजलासले सिंहसहित मन्त्रालयका तत्कालीन वरिष्ठ कृषि अर्थविशेषज्ञ शंकरप्रसाद साह र युवरानी मत्स्य तथा कृषि फार्म प्रालिका सञ्चालक लक्ष्मीनारायण साहलाई एक–एक वर्ष कैद, २५–२५ लाख जरिवाना र सोही रकम बिगो असुल गर्नेसहितको फैसला गरेको हो । विशेष अदालतका अध्यक्ष टेकबहादुर कुँवर र सदस्यद्वय रामबहादुर थापा तथा रितेन्द्र थापाको संयुक्त इजलासले बिहीबार दोषी ठहरको फैसला सुनाएको हो । दोषीहरूमाथि नक्कली कागजातका आधारमा अनुदान सम्झौता गरी एक करोड रुपैयाँ अनियमित ढंगले निकासा गरेको अभियोग थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत पुसमा एक करोड रुपैयाँ कृषि अनुदान वितरणमा भ्रष्टाचार भएको भन्दै सिंहसहित ८ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो । यही मुद्दाका अन्य पाँच प्रतिवादी अमरचन्द्र मण्डल, ब्रजेशकुमार साह, रंजिकुमार अधिकारी, अविनाशकुमार झा र विकासकुमार साह भने अदालतबाट सफाइ पाएका छन् । इजलासले दोषी ठहर तीनैजनालाई व्यक्तिगत रूपमा एक–एक लाख थप जरिवाना गरी उक्त रकम पीडित राहत कोषमा जम्मा गर्नसमेत आदेश दिएको छ ।

# कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

## बिरगंज, १५पर्सा

टेलिफोन नं.:-०५१५९१५३४,Gmail:-kohinoorsahakari@gmail.com

## कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्तै जरुरी सुचना

**प्रकाशित मिति :- २०८२/०२/२३ पहिलो पटक**

यस कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०२/२३ तपसिलमा उलेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जा समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज आदि नतिरी नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उलंघन गरेको र संस्थाले मौखिक एवम लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा,ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुँदा यो सूचना पहिलो पटक प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा,ब्याज तथा हर्जाना समेत चुक्ताभुक्तान गर्नुहुन यो सूचना पहिलो पटक प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनुपर्ने सम्पूर्ण कर्जा साँवा,ब्याज तथा हर्जाना समेत भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चलअचल सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलामबिक्रि गरि वा अन्य व्यवस्था गरि संस्थाको साँवा,ब्याज तथा हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएको अन्य खर्चहरु समेत असुल उपर गरि लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धनजमानी दिनेको घरघरानार चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सुचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी,जमानी कर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १. | ऋणी : दिपक राज सिंह<br>पत्नी :<br>बुवा : विरेन्द्र प्रसाद सिंह<br>बाजे : जगरनाथ सिंह<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री जगरनाथ सिंह को नाती विरेन्द्र प्रसाद सिंह को छोरा दिपक राज सिंह पर्सा जिल्ला चोर्नी वडा नं. ८ बस्ने ना.प्रा. नं. ३४-०१-७१-०१४६४ मिति २०७१/०२/१३ पर्सा वर्ष २८ को दिपक राज सिंह को नाममा एकलौटी दर्ता कायम भएको बारा जिल्ला भवानीपुर जितपुर वडा नं. ०३ स्थितको किता नं. ८७२६ को जग्गाको क्षेत्रफल ०-१-३-४ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेतसम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : जनक राम हरिजन<br>पत्नी : लक्ष्मीनिया देवी<br>बुवा : लछुमन महरा चमार<br>बाजे : भुखल महरा चमार<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री भुखल महरा चमार को नाती लछुमन महरा चमार को छोरा जनक राम हरिजन पर्सा जिल्ला पचरुखी वडा नं. ०५ बस्ने ना.प्रा.नं. ३५२/६७६३११७२ मिति २०४४/१२/२४ पर्सा बर्ष ५३ को जनक राम हरिजन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला पचरुखी वडा नं. ४ स्थितको किता नं. २५८ को जग्गाको क्षेत्रफल ०-४-१० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : हविव मिया तेली<br>पत्नी : मजुरन खातुन<br>बुवा : साहेवरखे मियाँ तेली<br>बाजे : राजवली मिया<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री राजवली मिया को नाती साहेवरखे मिया तेली को छोरा हविव मिया तेली पर्सा जिल्ला पोखरिया वडा नं. ०७ बस्ने ना.प्रा. नं. ८३७००२५४ मिति २०३५/०८/०६ पर्सा बर्ष ७१ को हविव मियाँ तेली को नाममा एकलौटी दर्ता कायम भएको पर्सा पोखरिया वडा नं. ०५ स्थितको किता नं. ५२३ को जग्गाको क्षेत्रफल १८८.७५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : रामेश्वर राउत अहिर<br>पत्नी : राम्भा देवी<br>बुवा : सुकदेव राउत<br>बाजे : कवल राउत<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री कवल राउत को नाती सुकदेव राउत को छोरा रामेश्वर राउत अहिर पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ०९ बस्ने ना.प्रा.नं. ८११६२५३० मिति २०५५/०९/०८ पर्सा बर्ष ५० को रामेश्वर राउत अहिर को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ०९ स्थितको किता नं. ९४ को जग्गाको क्षेत्रफल ०,१०२५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५. | ऋणी : मैमुल खातुन/समिन मिया<br>पति/पत्नी :दिलमहमद मिया/मोबिना खातुन<br>बुवा : सरिफ मिया/दिल महमद मिया<br>ससुरा/बाजे : नथुनी मिया/सुकन मिया<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री नथुनी मियाँ/सुकन मिया को बुहारी/नाती दिलमहमद मिया को श्रीमति/छोरा मैमुल खातुन/समिन मिया पर्सा जिल्ला वीरगंज वडा नं. ०३ बस्ने ना.प्रा.नं. १६३०२०२४ ,११४१/१६०३१८८६४ मिति २०४५/०१/०९ ,२०४५/०१/०८ पर्सा वर्ष ७३,५४ को मैमुल खातुन/समिन मिया को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला वीरगंज वडा नं. ०३ स्थितको किता नं. २४० को जग्गाको क्षेत्रफल ०००८८.८२ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ६. | ऋणी : अनिरुद प्रसाद यादव<br>पत्नी : सारदा देवी<br>बुवा : दुर्गा राउत<br>बाजे : उमापति राउत<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री उमापति राउत को नाती दुर्गा राउत को छोरा अनिरुद प्रसाद यादव पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. ०७ बस्ने ना.प्रा. नं. ०५१८१०२७ मिति २०४०/०६/०३ पर्सा वर्ष ७२ को अनिरुद प्रसाद यादव को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी पिडरी नं. ०७ स्थितको किता नं. २५ को जग्गाको क्षेत्रफल ०-०-१५-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ७. | ऋणी : संगिता यादव<br>पति : जितेन्द्र प्रसाद यादव<br>बुवा : सुदर्शन प्रसाद यादव<br>ससुरा : अनिरुद प्रसाद यादव<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री अनीरुद प्रसाद यादव को बुहारी जितेन्द्र प्रसाद यादव को श्रीमति संगिता यादव पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. ०७ बस्ने ना.प्रा.नं. ३४-०१-७२-००६७२ मिति २०७२/०१/२९ पर्सा वर्ष ३१ को संगिता यादव को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला भौराटार वडा नं. ०९ स्थितको किता नं. ३८९ को जग्गाको क्षेत्रफल ०-३-१० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ८. | ऋणी : सैमुला खातुन<br>पति : मनिर मिया<br>बुवा : करमुल्लाह मिया<br>ससुरा : नसिव मियाँ<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री नसिव मिया को बुहारी मनिर मिया को श्रीमति सैमुला खातुन पर्सा जिल्ला मनियारी वडा नं. ०६ बस्ने ना.प्रा.नं. ७९४७ मिति २०६४/०१/२५ पर्सा वर्ष ४९ को सैमुला खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला मनियारी वडा नं. ०५ स्थितको किता नं. ११५७ को जग्गाको क्षेत्रफल ०-०-८-९.५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ९. | ऋणी : बिगनी देवी<br>पति : असफी महतो नुनिया<br>बुवा : जितन महतो नुनिया<br>ससुरा : ठग महतो<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री ठग महतो को बुहारी असर्फी महतो नुनिया को श्रीमति बिगनी देवी पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ०४ बस्ने ना.प्रा.नं. ३४३००६/८० मिति २०६३/१२/११ पर्सा वर्ष ४४ को बिगनी देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा नं. ०४ स्थितको किता नं. २०८, ९७ को जग्गाको क्षेत्रफल ४३८.३४, ३२१.६७ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| १०. | ऋणी : रेखा देवी<br>पति : राम बावु प्रसाद यादव<br>बुवा : चन्द्रिका राउत अहिर<br>ससुरा : गोरख राउत अहिर<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री गोरख राउत अहिर को बुहारी राम बावु प्रसाद यादव को श्रीमति रेखा देवी बारा जिल्ला बरैनिया वडा नं. ०२ बस्ने ना.प्रा.नं. ३३३०८८/४६४ मिति २०६३/१०/१२ बारा बर्ष ४४ को रेखा देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा नगवा वी र बागेश्वरी तित्रौना वडा नं. ३ख र ५,६ स्थितको किता नं. २२०,२२१ र ४९१,२१३ को जग्गाको क्षेत्रफल ०-०-६,०-०-६-८ र ०,०२०५.००, ०,०३००.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

# ज्ञानदा एकेडेमी वीरगंजले कम शुल्कमा गुणस्तरिय शिक्षा दिएको दाबी




**राहुल गुप्ता**
**बारा ।**

वीरगंजस्थित ज्ञानदा एकेडेमीले बिहीबार बारा सदरमुकाम कलैयामा पत्रकार सम्मेलन आयोजना गरी आफ्नो शैक्षिक गतिविधि .बारे जानकारी सार्वजनिक गरेको छ । पत्रकार सम्मेलनमा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र प्रसाद कोइरालाले आफ्ना धारणा राखेका थिए ।

कोइरालाले १४ बर्ष पुरानो यो एकेडेमीको मधेश प्रदेशमै उत्कृष्ट पूर्वाधार र शैक्षिक गुणस्तर रहेको बताए । ५ बिघा परिसरमा फैलिएको यस एकेडेमीले नर्सरीदेखि कक्षा १२ सम्मको पठनपाठन गरिरहेको छ । हाल एकेडेमीमा करीब १ हजार २ सय विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा केवल अध्ययन अध्यापन मात्र नभई खेलकुद, स्विमिङ, संगित आदि अतिरिक्त क्रियाकलापलाई पनि उत्तिकै प्राथमिकता दिइएको उनले दाबी गरे । भारतको दार्जिलिङ, दिल्ली, मुम्बई, पुना, देहरादुनका चर्चित विद्यालय तथा कलेजहरुको गुणस्तरको शिक्षा वीरगन्जमा एकेडेमीले उपलब्ध गराइरहेको उनले बताए । २ बर्षदेखि संस्कृत बिषयको पनि अध्यापन विद्यालयमा अनुशासनलाई पनि उत्तिकै प्राथमिकता दिइएको उनले बताए ।

ज्ञानदा एकेडेमीमा नर्सरीदेखि कक्षा १० सम्मको अध्ययन शुल्क अत्यन्त महंगो रहेको भनि लाग्ने गरेको आरोप गलत रहेको बताउदै कोइरालाले वीरगंजकै अन्य संस्थागत विद्यालय भन्दा ज्ञानदा एकेडेमीको शुल्क कम रहेको दाबी गरे । कक्षा ११ र १२ को शुल्क पनि वीरगंजका अन्य कलेज भन्दा कम रहेको उनको दाबी थियो । एकेडेमीमा कक्षा ११ र १२ मा हाल विज्ञान, वाणिज्य र कानून संकायको अध्यापन हुने गरेको छ ।

आउँदो शैक्षिक सत्रदेखि विद्यालयमा स्नातक तहको इन्ट्रिगेटेड म्यानेजमेन्ट प्रोगाम पनि सञ्चालन गर्न लागेको जानकारी उनले सार्वजनिक गरे ।पत्रकार सम्मेलनमा सञ्चारकर्मीहरुले आफ्नो जिज्ञासा राखेका थिए । पत्रकार महासंघ बाराका अध्यक्ष रमेश सुवेदीले कलैयाको नजिक रहेको वीरगंजमा गुणस्तरिय शिक्षा दिने ज्ञानदा एकेडेमीले पत्रकार सम्मेलनमार्फत आफ्नो शैक्षिक गतिविधि र अतिरिक्त क्रियाकलापहरु बारे जानकारी दिएर एकेडेमीबारे रहेको भ्रमहरु चिर्ने काम गरेको बताए ।

# विपद् प्रतिकार्य अभ्यास सम्पन्न

**सङ्खुवासभा ।**

वर्षायाम नजिकिँदै गर्दा सङ्खुवासभामा सम्भावित बाढीपहिरो जस्ता प्राकृतिक विपद्सँग जुध्न विपद् प्रतिकार्य अभ्यास गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा खाँदबारीस्थित टुँडिखेलमा आज नेपाली सेनाको इन्द्र दल गुल्म, नेपाल प्रहरी, सशस्त्र प्रहरी, रेडक्रस र अग्नि नियन्त्रक टोलीले अभ्यास गरेको हो । अभ्यासमा पहिरो गएको परिप्रेक्ष्यमा उद्धार, घाइतेको प्राथमिक उपचार, विस्थापितको व्यवस्थापन तथा राहत सामग्री वितरण प्रक्रिया समेटिएको थियो । प्रमुख जिल्ला अधिकारी दिव्यराज पोखरेलले भने, 'यसवर्ष देशभर अधिक वर्षाको सम्भावना रहेकाले पहाडी क्षेत्रमा बाढीपहिरोको जोखिम उच्च छ । यस्तो जोखिमलाई मध्यनजर गर्दै नागरिकको शीघ्र उद्धार तथा राहतका लागि पूर्वतयारी नमूना अभ्यास गरिएको हो ।' अभ्यासले सुरक्षा निकाय र सम्बन्धित निकायबीच समन्वय, सञ्चार र द्रुत प्रतिकार क्षमतामा सुधार हुने अपेक्षा गरिएको छ । यद्यपि, विपद् व्यवस्थापन अझै पनि तीनै तहका सरकारको प्राथमिकतामा नपरेकाले स्थानीयस्तरमा आवश्यक स्रोतसाधन अभावका कारण विपद्का बबेला उद्धारमा कठिनाइ हुने जनाइएको छ । रासस

# आगामी वर्षको बजेट कार्यान्वयन गर्न गृहकार्य शुरु

**काठमाडौँ ।**

अर्थ मन्त्रालयले आगामी वर्षको बजेट कार्यान्वयनको गृहकार्य सुरु गरेको छ । नीति तथा कार्यक्रम, बजेट र लक्ष्यबीच तादम्यता मिलाइ कार्ययोजना बनाएर कार्यान्वयन गर्न गृहकार्य सुरु भएको हो ।

अर्थ मन्त्रालयमा बिहिवार आयोजित बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम तथा आयोजनाका लागि खरिदसम्बन्धी तयारी अघि बढाउन निर्देशन दिनुभयो ।

बजेट स्वीकृत भएलगत्तै सम्झौता गर्न सकिने गरी तयारी गर्दा छिटो काम गर्न सहज हुने उनको भनाइ छ ।

मुख्य सचिव एकनारायण अर्यालले खरिद प्रकृया अघि बढाउन थप ऐन कानुन जरुरी नभएको उल्लेख गर्दै बजेटमा उल्लेख भएअनुसार खरिद प्रकृया अघि बढाउँदा हुने धारणा व्यक्त गरे ।

बैठकमा चालू आर्थिक वर्षको पूँजीगत खर्च वृद्धिमा विशेष ध्यान दिनेबारे पनि छलफल भएको थियो । बैठकमा अर्थ सचिव घनश्याम उपाध्यायले स्रोत सुनिश्चितता भएका र आवश्यक कागजात भएका योजना तथा कार्यक्रमको सम्वन्धमा रकमान्तरलगायतका विषयमा अर्थ मन्त्रालयले तत्काल सहजीकरण गर्ने बताउनुभयो । उहाँले स्रोत सहमति भएका र कागजात पुरा भएका आयोजना तथा कार्यक्रमको सम्बन्धमा सहजीकरणका लागि आवश्यक परे बिदा र शनिबारको दिन पनि काम गर्ने बताउनुभयो । प्रकृया पुगेका र हुन सक्ने काम मात्र अर्थ मन्त्रालयमा पठाउन सम्बन्धित मन्त्रालयका सचिवलाई उनले अनुरोध गरे ।

बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, जल स्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालयलगायतका सचिवहरुको उपस्थिति थियो ।रासस

# सप्तकोसीमा डल्फिनको सङ्ख्यामा वृद्धि

**सुनसरी ।**

कोशी टप्पुवन्यजन्तु आरक्षले सप्तकोसीमा डल्फिनको सङ्ख्यामा वृद्धि भएको जनाएको छ । आज वातावरण दिवसको अवसरमा आयोजित एक कार्यक्रममा आरक्षले चार दिनसम्म गरिएको गणनाको परिणाम सार्वजनिक गरेको छ । यस वर्षको गणनामा अघिल्लो वर्षको तुलनामा तीन वटा थप डल्फिनको सङ्ख्या बढेको पाइएको हो ।

आरक्षका वरिष्ठ संरक्षण अधिकृत भुपेन्द्रप्रसाद यादवका अनुसार हालको गणनामा १५ वयस्क, पाँच अर्धवयस्क र दुई बच्चा डल्फिन गरी जम्मा २२ वटा डल्फिन रेकर्ड गरिएको छ । उनले भने, 'यो तथ्याङ्क सप्तकोशीका लागी सकारात्मक र परिवर्तनको एक सङ्केत हो, यसलाई संरक्षण र प्रचार गर्न आवश्यक छ ।'

यसअघि कोशी टप्पु वन्यजन्तु आरक्षले प्रत्येक वर्ष नियमित रूपमा डल्फिनको गणना गरेर संरक्षणका लागि आवश्यक कदम उठाउँदै आएको छ । यहाँ गङ्गेटिक प्रजातिको डल्फिन पाइन्छ । जुन दुर्लभ मानिन्छ । संरक्षण अधिकृत यादवले भने, 'डल्फिन सफा र गहिरो पानीमा बाँच्न मन पराउँछ, जसले यहाँको जलस्वस्थ्य र गुणस्तर रहेको सन्देश पनि दिएको छ ।'

गणनामा राष्ट्रिय प्रकृति संरक्षण कोष, कोशी संरक्षण केन्द्र, श्री भिमकाली गुल्म तथा हिमाली प्रकृति संस्था लगायतले प्राविधिक सहयोग प्रदान गरेका थिए । सन् २०१२ मा ११ र २०१७ मा १७ वटा डल्फिन देखिएका थिए । त्यसपछि आरक्षले डल्फिनको संरक्षणमा प्राथमिकता दिएको थियो । त्यसपछि वार्षिक गणनाको अभ्यास थालिएको आरक्षले जनाएको छ ।

कोशी टप्पु वन्यजन्तु आरक्षले २०२२ मा १७ डल्फिन तथा २०२३ र २०२४ मा समानरूपमा १९ डल्फिनको गणना गरेको थियो । आरक्षले डल्फिनको संरक्षण र यसको प्राकृतिक आवासको रक्षा गर्न निरन्तर प्रयास गर्ने जानकारी दिएको छ ।रासस

# रौतहटमा एक महिनामा तीन नवविवाहिताको शंकास्पद मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा पछिल्लो एक महिनाको अवधिमा नवविवाहिताहरूको शंकास्पद मृत्युका घटना श्रृंखलाबद्ध रूपमा देखिन थालेका छन् । विभिन्न स्थानमा घटेका तीन फरक घटनाले जिल्लामा महिलाहरूको सुरक्षामाथि गम्भीर प्रश्न उठाएको छ । माईती पक्ष र स्थानीयले यी घटनाहरूलाई हत्या भएको दाबी गरे पनि प्रहरी प्रारम्भिक अनुसन्धानको निष्कर्षमा पुग्न सकेको छैन । मंगलवार साँझ कटहरिया नगरपालिका–१ भासेढवा गाउँमा २२ वर्षीया नवविवाहिता अल्का यादव आफ्नै घरको सुत्ने कोठामा मृत अवस्थामा फेला परेकी हुन् । उनका श्रीमान अनकेश यादव र सासु शान्ति देवी यादव फरार छन् भने ससुरा रामपुकार यादवलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाको खबर पाउनासाथ इलाका प्रहरी कार्यालय कटहरिया र गरुडाको संयुक्त टोली घटनास्थलमा पुगेको थियो । प्रहरीले प्रारम्भिक रूपमा शव बेडमा उतानो अवस्थामा फेला परेको र मृतकले उल्टि गरेको देखिएको जनाएको छ । घटनामा शंका लागेपछि प्रहरीले शव प्रादेशिक अस्पताल गौरमा पोष्टमार्टमका लागि पठाएको हो । मृतक अल्काका माइती पक्षले भने श्रीमान, सासु र ससुराले मिलेर उनलाई कुटपिट गरी घाँटी थिचेर हत्या गरेको र त्यसलाई आत्महत्या झैँ देखाउने प्रयास गरिएको आरोप लगाएका छन् । डिएसपी राजन कार्कीका अनुसार घटनाबारे गम्भीर अनुसन्धान भइरहेको छ । फरार रहेका श्रीमान र सासुको खोजी तीव्र पारिएको छ । यसअघि कटहरिया नगरपालिका–३ बडेरवाका अरमान राय भाटविरुद्ध आत्महत्या दुरुत्साहनको मुद्दा दर्ता भएको थियो । आफ्नी श्रीमतीलाई मानसिक र शारीरिक यातना दिँदै आत्महत्या गर्न बाध्य बनाएको आरोपमा इलाका प्रहरी कार्यालय गरुडामा मुद्दा चलाइएको भए पनि उनी अझै फरार छन् । गत जेठ १६ गते दुर्गा भगवती गाउँपालिकाको झाडीमा एक अन्दाजी २४ वर्षीया नवविवाहिता महिलाको शव फेला परेको थियो । शवमा पहिरन र गहनाले उनी नवविवाहिता रहेको बुझिन्छ । तर, उनको पहिचान खुल्न सकेको छैन । जिल्ला प्रहरी कार्यालय रौतहटले घटनालाई शंकास्पद मानेर अनुसन्धान थालेको भए पनि अहिले सम्म घटनाको प्रकृति र दोषीको बारेमा कुनै ठोस निष्कर्ष आइसकेको छैन । यी तीनवटै घटनाको जाँच भइरहेको भए पनि दोषी पत्ता लाग्ने र उनीहरूलाई कारबाही हुनेमा स्थानीयवासी आशावादी देखिँदैनन् । स्थानीय भन्छन्, 'राजनीतिक संरक्षण, आर्थिक चलखेल र प्रहरी प्रशासनको लचकतालाई प्रयोग गर्दै अपराधीहरू सजिलै उम्कने गरेका छन् ।' महिला अधिकारकर्मीहरूका अनुसार मधेश प्रदेशमा नवविवाहितामाथि दमन, यातना र हत्या जस्ता घटना बढ्दै गएका छन् । सामाजिक परम्परा, दाईजोप्रथाको दवाब, पारिवारिक हिंसा अनि पीडित पक्षले न्याय नपाउने अवस्था यस्तो समस्याको मूल कारण रहेको उनीहरूको तर्क छ ।

# विश्व वातावरण दिवसमा चुरे संरक्षण अभियानद्वारा वृक्षारोपण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चुरे तथा वनजंगल संरक्षण अभियानले विश्व वातावरण दिवस–२०८२ को अवसरमा वृक्षारोपण कार्यक्रम आयोजना गरी वातावरण संरक्षणको सन्देश दिएको छ । बिहीबार जनकपुरधामको रेलवे स्टेशन परिसरमा अन्तरक्रिया कार्यक्रमसहित वृक्षारोपण गरी दिवस मनाइएको हो । कार्यक्रममा अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादवले वातावरण संरक्षणका लागि वृक्षारोपणलाई अनिवार्य मान्नुपर्ने बताए ।

'अक्सिजनको प्रमुख स्रोत र पृथ्वीको जीवनदायिनी शक्ति वृक्ष नै हो,' उनले भने, 'अबको अभियान एक घर, एक वृक्ष हुनुपर्छ ।' संयोजक यादवले जलवायु परिवर्तनको असरबाट जोगिन वृक्षारोपण एक मात्र प्रभावकारी उपाय रहेको उल्लेख गर्दै सरकारले नीति स्तरमै वृक्षारोपणलाई प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गरे । उनले चेतावनी दिँदै भने, 'यदि चुरे क्षेत्रमा वनरोपण तत्काल नभए मधेश मरुभूमी बन्ने खतरा देखिन्छ ।' कार्यक्रममा अभियानका केन्द्रीय प्रवक्ता प्रमोद कुमार साह, मधेश प्रदेश संयोजक अमन यादव, चुरे अभियानीहरू लगायतको सहभागिता थियो । सहभागीहरूले चुरे दोहन, अवैध वन कटानी र पर्यावरणीय असन्तुलनको विरुद्ध जनस्तरबाट दबाब सिर्जना गर्नुपर्नेमा जोड दिए । उनीहरूले वृक्षारोपणलाई एकदिने कार्यक्रममा सीमित नराखी दीर्घकालीन अभियानमा रूपान्तरण गर्नसमेत आग्रह गरे । 'हामीले अहिले रोपेका बोटहरू हुर्किएर हामीलाई शुद्ध हावा दिनेछन्, यही सोच राखेर सबै नागरिक वृक्षारोपणमा लाग्नुपर्छ,' प्रवक्ता साहले भने । रेलवे स्टेशन क्षेत्रमा विभिन्न प्रजातिका बोटबिरुवा रोपिएको थियो । चुरे संरक्षण अभियानले वर्षभर वृक्षारोपण र सचेतनामूलक कार्यक्रम जारी राख्ने जानकारी दिएको छ ।

# 'एक घर, एक सदस्य' अभियान अन्तर्गत सहकारीको घरदैलो

**मधेशदृष्टि**
**बारा ।**
बाराको बारागढी गाउँपालिका–६ गडहलमा रहेको तामागढी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको खोपवा सेवा केन्द्रद्वारा 'एक घर, एक सदस्य' नारासहित सदस्य विस्तार तथा घरदैलो कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम संस्थाका शाखा सञ्चालक उपसमिति सदस्य प्रमेन्द्र कुमार




फौजदारको अध्यक्षतामा सञ्चालन गरिएको थियो । ग्रामीण भेगका नागरिकहरूलाई सहकारीको पहुँचमा ल्याउँदै आर्थिक सशक्तीकरणमा सहभागिता बढाउने अभियानको उद्देश्य रहेको बताइएको छ । कार्यक्रममा बारागढी गाउँपालिका–६ का वडासदस्य तथा ज्ञान गंगा सामुदायिक सिकाइ केन्द्र गडहलकी परिचारिका रोशनी कुमारी र सोनिका कुमारी फौजदारले सहजीकरण गरेका थिए । त्यस्तै, खोपवा सेवा केन्द्रका प्रमुख कुमारसानु प्रसाद चौधरी र शाखाका प्रतिनिधि दिनेश घिमिरेलगायतको उपस्थिति रहेको थियो । सहभागीहरूले कार्यक्रमबाट प्राप्त जानकारी र प्रोत्साहनले सहकारीमा आबद्ध हुने इच्छा अझै बढेको प्रतिक्रिया दिएका छन् । संस्थाले आगामी दिनमा अन्य वडाहरूमा पनि यस्तै कार्यक्रमहरू सञ्चालन गर्दै सहभागी सदस्यहरूको संख्या र सेवाको दायरा विस्तार गर्ने योजना रहेको जानकारी दिएको छ ।


## Janakpurdham Sub-Metropolitan City
## Office of the Municipal Executive
### Janakpurdham, Dhanusha
### Madhesh Province, Nepal

## Notice of Intent to Award the Contract

**(Date of Publication: 2082-02-23)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of the Public Procurement Act, 2063, this is to notify all the bidders & suppliers who submitted their bids electronically for below Mentioned work and Goodsthat the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected for the award of the Contract.

| Contract no. | Name of Contract | Bidder's Name & Address | Accepted Bid Price (Ex.VAT) |
|---|---|---|---|
| 15/2081/82/NCB/WORKS | Maintenance & Beautification of Rajdevi Mandir of Ward No. 16, Badahi Kutti of Ward No. 2, Bhandari Kutti of Ward No. 4, Kapileshwar Mahadev Mandir of Ward No. 16 and Kuwa Mahadev Mandir of Ward No. 12, Janakpurdham | M/S S & R Construction, Janakpurdham-9 | 72,52,546.70 |
| 20/2081/82/NCB/GOODS | Procurement of Masland and Office Materials as per approved specification | M/S Durga Trade Link, Malangwa-8, Sarlahi | 20,32,660.00 |
| 21/2081/82/NCB/GOODS | Procurement of Furniture and Fixtures as per approved specification | M/S Durga Trade Link, Malangwa-8, Sarlahi | 16,08,500.00 |
| 22/2081/82/NCB/WORKS | Additional Work of Vehicle Parking area at Ward No. 8 (West of Dasratha Pond) | M/S Shanti Construction, Janakpurdham-15 | 37,24,916.80 |

- Chief Administrative Officer


# जनकपुरधाममा 'बिट द प्लास्टिक च्यालेन्ज'




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'प्लास्टिक प्रदुषण अन्त्य गरौं, वातावरण संरक्षण गरौं' भन्ने नारासहित जनकपुरधाममा विश्व वातावरण दिवस विविध कार्यक्रमहरूसहित उल्लासपूर्वक मनाइएको छ । वातावरणप्रति जनचेतना अभिवृद्धि गर्न ग्रीन स्पेस नेपालको नेतृत्वमा दुई दर्जनभन्दा बढी संघसंस्थाहरूको संयुक्त सहकार्यमा कार्यक्रम सम्पन्न गरिएको हो ।

कार्यक्रम अन्तर्गतको मुख्य आकर्षण 'बिट द प्लास्टिक च्यालेन्ज' अभियान रह्यो । यस अभियानमा जनकपुरधामका दुई विद्यालय र एक कलेजका गरी ५० विद्यार्थीले सहभागिता जनाए ।

जनक चोकदेखि शुरु भई शिव चोक, राम चोक, गंगासागर क्षेत्र हुँदै पुनः जनक चोकमा सम्पन्न भएको सफाइ यात्रामा सहभागीहरूले प्लास्टिक संकलन गर्दै वातावरणीय सन्देश फैलाए । अभियानको क्रममा करिब ४९.८५ किलो प्लास्टिक फोहोर संकलन गरिएको थियो । तौलको आधारमा उत्कृष्ट तीन विद्यार्थी समूहलाई ट्रफी र पदक प्रदान गरी प्रोत्साहित गरिएको आयोजकले जानकारी दिए ।

त्यसैगरी, जनकपुरधाम उपमहानगरपालिकाको सहकार्यमा तिरहुतिया गाछी क्षेत्रमा वृक्षारोपण कार्यक्रम पनि सम्पन्न गरिएको थियो । सहभागीहरूले विभिन्न जातका बिरुवाहरू रोप्दै हरियाली संरक्षणप्रति प्रतिबद्धता जनाएका थिए । कार्यक्रम संयोजक एवम् ग्रीन स्पेस नेपालका अध्यक्ष धिरज साहले भने, 'सामूहिक सहभागिता र सचेतनाका माध्यमबाट प्लास्टिक प्रदूषणविरुद्धको यो सन्देश दीर्घकालीन वातावरणीय सुरक्षातर्फको महत्वपूर्ण पाइला बन्ने विश्वास लिइएको छ ।'

कार्यक्रममा वातावरण मानव अधिकार रक्षक सञ्जाल मधेश प्रदेश, नेपाल डेभलपमेन्ट सोसाइटी, इन्सेक नेपाल, एडभोकेसी फोरम, वोरेक लगायतका संस्थाहरूको उल्लेखनीय भूमिका रहेको थियो ।

आयोजकहरूले आगामी दिनमा यस्ता अभियानलाई अझै प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# कन्टेनरको ठक्करबाट २१ वर्षीय युवकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिका–११ स्थित पूर्व–पश्चिम राजमार्गमा मालबाहक कन्टेनरको ठक्करबाट एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा रौतहटको चन्द्रपुर नगरपालिका–१ पौराही टोलका २१ वर्षीय गोपाल योञ्जन रहेका छन् । बुधबार राति १० बजे चन्द्रपुरबाट हरिवनतर्फ जाँदै गरेको प्रदेश ३–०३–००१ ख ००७० नम्बरको कन्टेनरले विपरीत दिशाबाट आइरहेको प्रदेश ३–०२–०१४ प ९८७७ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते भएका मोटरसाइकल चालक योञ्जनलाई प्रारम्भिक उपचारका लागि मोडेल अस्पताल कर्मैयामा लगिएको थियो ।

त्यहाँबाट थप उपचारका लागि प्रादेशिक अस्पताल मलगंवा लैजाने क्रममा राति ११ बजे चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए । दुर्घटनापछि कन्टेनर र मोटरसाइकल दुबैलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

कन्टेनर चालक मकवानपुरको भिमफेदी गाउँपालिका–५ निवासी ३८ वर्षीय ओम बहादुर लामालाई इलाका प्रहरी कार्यालय हरिवनमा राखिएको सर्लाही प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डिएसपी सरोज कुमार राईका अनुसार दुर्घटनाको थप अनुसन्धान भइरहेको छ ।

# सर्पदंशले १७ वर्षीय वनकर्मीको मृत्यु

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको गौशाला नगरपालिका–१० लक्ष्मिनिया बटौवा निवासी १७ वर्षीय रुपेश महतोको सर्पदंशका कारण मृत्यु भएको छ । डिभिजन वन कार्यालय अन्तर्गत साझेदार वन उपभोक्ता समूह लक्ष्मिनियामा करार सेवामा कार्यरत महतो बुधबार राति ड्युटीमा रहेकै बेला सर्पले तीन पटक डसेपछि उपचारकै क्रममा मृत्यु भएको हो ।



महतोको पेटमा एक पटक र तिघ्रामा दुई पटक गरी तीन पटक सर्पले डसेको थियो । राति करिब १ बजे सर्पले टोकेपछि उनलाई तुरुन्त बर्दिबासस्थित सर्पदंश उपचार केन्द्र पुर्याइएको थियो । त्यहाँबाट जनसेवा अस्पताल, बर्दिबास लगिए पनि बिहान ५:१५ बजे चिकित्सकले मृत घोषणा गरेका थिए ।

मृतकका परिवारजनले डिभिजन वन कार्यालयको चरम लापरबाहीले ज्यान गएको आरोप लगाएका छन् । 'रुपेशलाई सुत्ने सुरक्षित कोठा दिइएको थिएन, सरसफाइको अभाव, वरिपरि झाडी र घाँसपातले भरिएको ठाउँमा ड्युटी गर्न लगाइएको थियो,' मृतकका अभिभावक राजकुमार महतोको भनाइ छ । साथै, कोठामा झ्याल ढोका राम्रोसँग बन्द नहुनु, सुरक्षात्मक संरचनाको अभाव र ड्युटीमा खटिएका करार कर्मचारीप्रति कार्यालयको उदासीनताप्रति समेत आक्रोश पोखिएको छ । १७ वर्षीय किशोरलाई वन क्षेत्रमा रातको समयमा भान्से काममा खटाउनु आपत्तिजनक भएको भन्दै मानव अधिकारकर्मी र स्थानीय समाजसेवीले राज्यको लापरबाहीको निन्दा गरेका छन् ।

'कुनै पनि संरक्षा सुविधा नदिई किशोर उमेरको कर्मचारीलाई जोखिमपूर्ण क्षेत्रमा काममा लगाउनु निन्दनीय छ,' समाजसेवी राकेश सिंहले भने, 'यो विषय गम्भीर छानबिनको माग गर्छ ।' घटनापछि डिभिजन वन कार्यालय महोत्तरीले आधिकारिक प्रतिक्रिया दिएको छैन । तर, स्थानीयहरू, नागरिक समाज, पत्रकार महासंघ, मानव अधिकार आयोग लगायतका संस्थाहरूले गम्भीर छानबिन र दोषीमाथि कारबाहीको माग गरेका छन् ।

साथै, करार सेवामा कार्यरत कर्मचारीको न्यूनतम सुरक्षाको प्रत्याभूति, आकस्मिक उपचार व्यवस्थापन र कम उमेरका किशोरलाई जोखिमपूर्ण काममा खटाउने प्रवृत्तिको अन्त्य गर्न सरकारसँग माग गरिएको छ ।

रुपेश एक वर्षदेखि लक्ष्मिनिया वन क्षेत्रमा भान्सेको रूपमा काम गर्दै आएका थिए । उनकी आमा सुदिना देवी महतो पनि सोही डिभिजन वन कार्यालयमा करार सेवामा कार्यरत छन् ।

# डीएसपी वाइवालाई प्रहरी प्रधान कार्यालय तानियो

**मधेशदृष्टि**
**वीरगंज ।**
इलाका प्रहरी कार्यालय सिमरा बाराकी प्रहरी नायव उपरीक्षक (डीएसपी) शुभद्रा वाइवालाई प्रहरी प्रधान कार्यालय नक्साल तानिएको छ । डीएसपी वाइबालाई केही बुझ्नु पर्ने भएकाले हेडक्वाटर झिकाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एसएसपी रमेश थापाले भने आवश्यकताअनुसार हेडक्वाटर फिर्ता बोलाइएको बताए । वाइबाको ठाउँमा अर्का डीएसपी वेद जोशीलाई पठाइएको प्रवक्ता थापाले बताए । उनले सिमराको कमाण्ड सम्हालेको ६ महिना पनि पूरा भएको थिएन । डीएसपी वाइबा र जितपुर सिमरा उपमहानगरपालिकाका प्रशासकीय अधिकृत (सहसचिव) शान्तिराज प्रसाईंबीच केही दिनदेखि विवाद भएको थियो ।

सम्पादकीय

# पर्यावरणमा देखिएको समस्या

*आज जुन ५ अर्थात् विश्व वतावरण दिवस। 'प्लाष्टिक प्रदूषण न्यूनीकरणः हाम्रो दायित्व' नाराका साथ विश्वका विभिन्न मुलुकमा यो दिवस मनाइएको छ । विश्वमा नै अहिले पर्यावरणका चुनौतीहरु द्येखा परिरहेको अवस्था रहेको छ । खास गरेर मधेश प्रदेशमा तर यसको असरहरु देखा परिरहेको छ ।मधेशको जिवन रखो मानिएका चुरे क्षेत्रमा भईरहेको विनासको कारणले गर्दा समस्या झनै विकराल पुर्ण देखिएको छ। चुरे निवास भईरहेको कारणले गर्दा एक तिर तराई मधेश मरुभुमि बन्ने खतरा रहेको छ भने अर्को तर्फ चुरेसंग टाँसिएको गाउहरुमा पानीको हाहाकार पुर्ण समेत रहेको छ । यसको प्रमुख कारण मध्ये चुरे निवास प्रमुख रहेको छ। त्यसकारणले गर्दा चुरे क्षेत्रको संरक्षणको लागि सरकारको ध्यान जानुपर्ने आवश्यकता रहेको छ। त्यो भएको खण्डमा मात्रै समस्याहरु समधान हुने रहेको छ। संयुक्त राष्ट्रसङ्घले आह्वान गरेबमोजिम सन् १९७३ देखि प्रत्येक वर्ष जुन ५ तारिखलाई विश्व वातावरण दिवसको रूपमा मनाउन थालिएको हो ।राष्ट्रसङ्घका अनुसार हरेक वर्ष पृथ्वीमा ४० करोड टन प्लाष्टिकजन्य फोहर उत्पादन हुने गरेको, उत्पादित त्यस्तो फोहरमध्ये त्यसको १० प्रतिशत मात्र पुनः प्रयोग हुने तथा एक करोड १० लाख टन प्लाष्टिक नदी, तलाउ र महासागरमा बिसर्जन हुने गरेको छ। आज गैरकानुनी रूपमा माछामार्नेविरुद्धको सङ्घर्ष दिवस पनि हो । राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ)को आह्वानमा सन् २०१७ देखि यो दिवस मनाउन प्रारम्भ भएको हो।*

*दिगो विकासका लक्ष्य हासिल गर्न गैरकानुनी रूपमा माछामार्ने प्रवृत्ति अन्त्य हुनुपर्नेमा एफएओको जोड छ । यसरी हरेक वर्ष एक करोड १० लाख देखि दुई करोड ६० टन माछा मारिँदा अर्बौँ डलर हानि हुने गरेको एफएओले जनाएको छ । अर्को तर्फ प्लाष्टिक अहिले वातावरणको लागि निकै चुनौती पुर्ण अवस्था रहेको छ। त्यो चुनौतीको कारणले गर्दा प्लाष्टिले मानव जिवनको स्वास्थ्यमा मात्रै समस्या भइरहेको छैन खास गरेर वातावरणमा समेत प्रभाव पारि रहेका छन। अहिले जमिनको उर्वाशक्तिमा समेत हस आउने कार्यहरु भईरहेको छ। त्यसकारणले गर्दा यसलाई रोक्नको लागि विभिन्न निकायहरुले प्लाष्टिकजन्य समानमा रोक लगाउने कुरा गरेपनि त्यो भने सम्भव वा भनौ कार्यान्वियन हुन सकेको छैन। प्लाष्टिक नष्ट हुन सयौं वर्ष लाग्ने हुँदा वातावरणमा लामो समयसम्म रहन्छ ।खास गरेर सबै तिर यसले हानी पुर्याउने मात्रै गरेको छ । यसले माटो, पानी, हावा आदि सबै प्रदूषित बनाउँछ। अहिले त माटोको उर्बरा शक्तिहरुमा समेत यसको प्रभाव परेको छ। लाष्टिक फालिदा यसको असर हेर्ने हो भने यसले कृषि सबै भन्दा बढिगररहेको छ । किसानहरुलाई पानीको सतहमा प्लाष्टिक जमने र मुहानमा यसले असर पार्ने गरेको छन। त्यसकारणले गर्दा समेत समस्याहरु देखिएको छ। प्लाष्टिक खानाले गाई, भैंसी, कुकुर, चरा तथा माछाहरू मर्ने गरेका छन् । प्लाष्टिक समुद्रमा पुगेपछि समुद्री जीवजन्तुले यसलाई खाना ठानेर खान्छन्, जसले उनीहरूको मृत्यु हुन्छ। अहिले मधेश प्रदेशको ठुला सहरहरुमा खुलेयाम रुपमा समेत प्लाष्टिकको प्रयोग हुने गरेको छ । मानवहरु समेत आफनो आनावानीमा सुधार नल्याएको कारणले गर्दा समेत समस्याहरु देखा परिरहेको अवस्था रहेको छ। त्यसकारणले गर्दा समेत वातावरणमा यसले असर पारिरहेको छ । साना साना प्लाष्टिक कणहरू हामीले खाने खाना र पानीमार्फत हाम्रो शरीरमा प्रवेश गर्छन्, जसले दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउन सक्छ।त्यसकारणले त्तकाल प्लाष्टिक प्रयोगमा रोक लगाउनुपर्ने आवश्यकता रहेको छ। त्यो भएको खण्डमा मात्रै समाजमा सकारात्मक रुपमा वतावरणको विकास हुने छ । नारामा मात्रै हैन वास्वतमा वातवरण मैत्री बनाउनुपर्ने आवश्यकता रहेको छ । यसको लागि सबै निकायहरु हातोमालोको खाँचो रहकेो छ।*

# ऊर्जामार्फत मुलुकको समृद्धि



दिपक खड्का
(मन्त्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय)

काठमाडौँ, २२ जेठ(रासस): नेपाल प्राकृतिक स्रोत र साधनले अत्यन्त धनी मुलुक हो। यहाँ भएका प्राकृतिक स्रोत साधनको समुचित प्रयोग गरी मुलुकको आर्थिक विकास गर्न सकिन्छ । मानिसले प्रकृतिबाट प्राप्त गरी उपयोग गर्ने वस्तु नै प्राकृतिक स्रोत हुन्। माटो, पानी, हावा, दाउरा, तेल, सौर्य ऊर्जा, वायुऊर्जालगायत प्राकृतिक स्रोतमा पर्दछन्।

प्राकृतिक स्रोतको समुचित प्रयोग गर्दै समृद्ध नेपाल निर्माण गर्न सकिन्छ । अहिले हामीले प्रकृतिमा भएका पानीबाट जलविद्युत्, तेलबाट इन्धन, घामबाट सौर्य ऊर्जा, हावाबाट वायु ऊर्जा उत्पादन गर्दै आएका छौँ । नेपालमा हजारौँ खोलानाला रहेका छन् । ती खोलानालाबाट विद्युत्् उत्पादन गरी बिक्री वितरण गर्न सकिन्छ।

वर्तमान सरकारले अहिले ऊर्जा जलविद्युत् क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । एसियाकै दोस्रो जलविद्युत् परियोजनाका रूपमा १९६८ सालमा स्थापना भएको ५०० किलोवाट क्षमताको फर्पिङ जलविद्युत् परियोजनाबाट सुरु भएको नेपालको जलविद्युत् क्षेत्रको विकास हालसम्म आइपुग्दा झण्डै तीन हजार ५०० मेगावाट क्षमतामा सञ्चालित छ।

एक सय १३ वर्षको इतिहासलाई हेर्दा जलविद्युत् क्षेत्रको विकास जुन गतिमा हुनपर्ने हो, त्यो हुन सकेको देखिँदैन । यद्यपि, पछिल्लो समय भने सरकार र निजी क्षेत्रको पहलमा थुप्रै आयोजना निर्माणको चरणमा रहेका छन् । यसले आगामी दिनमा पक्कै पनि नेपालको ऊर्जा क्षेत्रले ठूलै फड्को मारेको देख्न सकिन्छ।

पछिल्लो एक दशकको इतिहास हेर्ने हो भने ऊर्जा क्षेत्रमा मुलुकले अग्रगामी छलाङ मारेको छ। दैनिक १६ घण्टाको लोडसेडिङ झेलेका नेपालीले अहिले प्राविधिक गडबडी र प्राकृतिक विपद्का बेलाबाहेक अध्यारो झेल्नु परेको छैन भने वर्षायाममा बढी भएको विद्युत् छिमेकी मुलुक भारत र बङ्गलादेश निर्यात हुन थालेको छ । पछिल्लो समय जलविद्युत् क्षेत्रमा निजी लगानीकर्तासमेतको आकर्षण बढ्दै गएको छ । हालसम्म १० हजार मेगावाटभन्दा बढी क्षमताका विद्युत् उत्पादन आयोजनाको पिपिए भइसकेको छ।

निर्माणाधीन आयोजना यथाशीघ्र सम्पन्न गर्न र वित्तिय व्यवस्थापन हुन बाँकी आयोजनामा वित्तिय व्यवस्थापन गर्न वर्तमान सरकार लागिपरेको छ । मैले ऊर्जामन्त्रीका रूपमा गत असार ३१ गते पदभार ग्रहण गरेपछि जलविद्युत् क्षेत्रको विकासमा बाधा रहेका ऐन, कानुन संशोधन गर्नेदेखि निजी क्षेत्रलाई आकर्षण गर्ने थुप्रै काम भएका छन्। ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले अहिले आवश्यक नीति, नियम निर्माण र कार्यान्वयनको प्रभावकारिता सिर्जना गर्ने दिशामा आफ्ना गतिविधि केन्द्रित गर्दै लगेको छ।

यसैगरी, सरकारले जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत गरिब तथा विपन्न वर्गलाई जलविद्युत्को शेयर सुनिश्चित गर्न लागेको छ। गरिब तथा विपन्न वर्गलाई धनी नबनाएसम्म सरकारले राखेको समृद्ध मुलुक निर्माणको योजना पूरा नहुने भएकाले सरकारले उक्त कार्यक्रम सुरु गरेको हो। उक्त कार्यक्रमअन्तर्गत सुरुमा आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई बिना धितो सहुलियत दरमा जलविद्युत् आयोजनाको शेयर वितरण गर्ने र धितोको ग्यारेन्टी सरकारले लिने व्यवस्था गरिएको छ।

अहिले आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई बिना धितो आयोजनाको क्षमता हेरेर रु दुई लाखदेखि पाँच लाखसम्मको शेयरको व्यवस्था गरिएको छ। विस्तारै उक्त कार्यक्रमलाई देशभरका गरिब तथा विपन्न नागरिक सामु पु¥याउने लक्ष्य सरकारले लिएको छ।

विसं २०४७ को प्रजातन्त्र पुनस्र्थापनासँगै बनेको सरकारले खुला अर्थतन्त्रको नीति अँगालेसँगै नेपालको विद्युत्् विकासले पनि गति लिन थालेको देखिन्छ । सरकारले लिएको आर्थिक उदारीकरणको नीतिअनुसार विद्युत् ऐन, २०४९ र विद्युत् नियमावली, २०५० मा निजी क्षेत्रले जलविद्युत् आयोजना निर्माण गर्ने कानुनी प्रावधान स्थापित गरेको थियो। तत्कालीन नेपाली कांग्रेसको तर्फबाट उपप्रधानमन्त्री एवं जलस्रोतमन्त्री बन्नुभएकी शैलजा आचार्यको पहलमा नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिले २०५५ सालमा निजी क्षेत्रका जलविद्युत् प्रवर्द्धकसँग विद्युत् खरिद सम्झौता गर्न दररेट निर्धारण गरेको थियो।

मन्त्री आचार्यको उक्त कदमलाई निजी क्षेत्रले अहिले पनि सम्झँदै आएका छन् । उक्त निर्णयका कारण आज सरकारी क्षेत्रलाई निजी क्षेत्रले जलविद्युत् क्षेत्रको विकासमा उछिनिरहेको छ । हाल उत्पादन भएको विद्युत्मध्ये निजी क्षेत्रले झण्डै दुई तिहाइ उत्पादन गरेको छभने सरकारले भने एक हजार मेगावाट हाराहारीमा मात्र उत्पादन गरिरहेको छ । निजी क्षेत्रलाई जलविद्युत् उत्पादन गर्ने जिम्मा दिएको २६ वर्षपछि कांग्रेसकै तर्फबाट मैले ऊर्जा मन्त्रालयको जिम्मेवारी पाएसँगै उत्पादन र प्रसारणलाइन निर्माणमा पनि निजी क्षेत्रलाई अगाडि सारेको छु।

निजी क्षेत्रको विकासविना मुलुकको विकास हुन सक्दैन भन्ने मान्यतालाई आत्मसाथ गरेको वर्तमान सरकारले प्रसारणलाइनमा पनि निजी क्षेत्रलाई जोडेको हो । मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड (आरपिजिसिएल) ले तमोर–ढुङ्गेसाँगु २२० केभी प्रसारणलाइन निर्माणका लागि निजी क्षेत्रसँग सम्झौता गरेको हो । जुन नेपालको प्रसारणलाइनको विकासका लागि कोशेढुङ्गा साबित भएको छ।

नेपालमा अहिले विद्युत्को तीन हजार ६०० मेगावाट जडित क्षमता पुगिसकेको छ भने आन्तरिक खपत हेर्दा 'पिक डिमान्ड' नै करिब दुई हजारभन्दा बढी मेगावाट पुग्नु आफैँमा सकारात्मक पक्ष हो। यद्यपि, यो पर्याप्त भने होइन । वर्तमान सरकारले ऊर्जा क्षेत्रमा लिएको अहिलेको मुख्य नीतिगत लक्ष्यमा आगामी सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने र उत्पादित विद्युत्मध्ये १३ हजार ५०० मेगावाट आन्तरिक खपत गर्ने र बाँकी १५ हजार मेगावाट भारत, बङ्गलादेशलगायत मुलुकमा निर्यात गर्ने लक्ष्यका साथ मन्त्रीपरिषद्ले स्वीकृत गरिसकेको छ। उक्त काम नेपालको ऊर्जा क्षेत्रको विकासका लागि कोशेढुङ्गा साबित भएको छ । सरकारले राखेको उक्त लक्ष्य पूरा गर्न आगामी १० वर्षभित्र ४६ अर्ब अमेरिकी डलर लगानी आवश्यक रहन्छ र उक्त लक्ष्य पूरा गर्नका लागि सरकारले पञ्चेश्वर, बुढीगण्डकी, अपर अरुणलगायत ठूला आयोजनालाई तत्काल अगाडि बढाउने गरी काम गरिरहेको छ।

यस्तै, सरकारले दक्षिण एसियाकै ठूलो जलविद्युत् आयोजनाका रूपमा रहेको कर्णाली चिसापानीलाई छिमेकी मुलुक भारत, चीन, बङ्गलादेश, भुटानलगायतको सहभागितामा निर्माण गर्ने योजना अगाडि सारेको छ। लामो समयदेखि विवादमा रहेको पञ्चेश्वर आयोजनालाई अगाडि बढाउन केही समयअघि मैले भारत भ्रमणका क्रममा भारतका मन्त्रीसँग छलफल गरेको थिएँ। भेटमा भारत उक्त आयोजनालाई अगाडि बढाउन सहमत भएको छ।

यस्तै, भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टरले गर्नुभएको नेपाल भ्रमणका समयमा दुई देशका मन्त्रीबीच नेपालको जलविद्युत् क्षेत्रको विकासमा महत्वपूर्ण सम्झौता भएका छन् । भारतका विद्युत्मन्त्रीको नेपाल भ्रमणका क्रममा ४०० केभीको इनरुवा–न्यू पूर्णिया र दोदोधरा–बरेली प्रसारणलाइन निर्माणका लागि कम्पनी स्थापना गर्नेबारे महत्वपूर्ण सम्झौता भएको थियो। उक्त सम्झौताअनुसार दुई प्रसारणलाइन निर्माण भएमा नेपालमा उत्पादित विद्युत् छिमेकी मुलुक भारत र बङ्गलादेशमा सहज निर्यात गर्न सकिने छ।

आगामी १० वर्षमा २८ हजार ५०० मेगावाट जलविद्युत् उत्पादन पु¥याउने महत्वाकाङ्क्षी लक्ष्यसहितको विद्युत् विकास मार्गचित्र निर्माण गरेको छ । अहिले तीन हजार ५०० मेगावाट विद्युत् उत्पादन भइसकेको छ भने मार्गचित्रको लक्ष्यमा पुग्न आगामी १० वर्षमा २५ हजार मेगावाट विद्युत् उत्पादन गर्नुपर्ने हुन्छ□। सरकारले राखेको ऊर्जा विकासको मार्गचित्रलाई कार्यान्वयन गर्नका लागि वर्तमान सरकारले देशभरका जलविद्युत् आयोजनालाई अगाडि बढाउन विश्व बैंक, एसियाली विकास बैंकलगायत दातृ संस्थासँग निरन्तर छलफल गरिरहेको छ।

संसद्मा छलफलको चरणमा रहेको नयाँ विद्युत्सम्बन्धी विधेयक पारित भएपछि विद्युत् विकास मार्गचित्र कार्यान्वयनका अधिकांश समस्या समाधान हुनेछन् । अहिले २८२ आयोजना निर्माणका विभिन्न चरणमा रहेको छ । प्राधिकरण तथा निजी क्षेत्रबाट अहिले निर्माणाधीनसमेतका आयोजनाबाट केही वर्षमै १२ हजार मेगावाट विद्युत् उत्पादन हुनेछ□।

पछिल्लो समय ऊर्जामन्त्रीको सक्रियतामा आयोजना र प्रसारणलाइन विस्तारमा देखिएका समस्यासमेत समाधान भइरहेका छन् । लामो समयदेखि विवादका रूपमा रहेको सिन्धुपाल्चोकको बाह्रबिसेमा रहेको मध्यभोटेकोशी जलविद्युत् आयोजना प्रसारणलाइनको समस्या, ढल्केवर सीतामणि प्रसारणलाइनको समस्या समाधान भएको छ।

यसैगरी, रसुवागढी जलविद्युत् आयोजना, सान्जेन जलविद्युत् आयोजना लगायतबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिसकेको छ । यस्तै, जलविद्युत् उत्पादन, प्रसारण र वितरणका क्रममा देखिएका वनको समस्या समाधान गर्नका लागि कार्यदल बनेर काम गरिरहेको छ।

बङ्गलादेशका लागि नेपालका राजदूत र नेपालका लागि बङ्गलादेशका राजदूतमार्फत भएको कूटनीतिक पहलले बङ्गलादेशमा विद्युत् निर्यातको कामले सार्थकता पाएको छ । यो वर्तमान सरकारको मुख्य उपलब्धि हो। नेपालको ऊर्जा र जलविद्युत् वास्तवमै समृद्धिको आधार बन्दै गइरहेको छ । एसियाली विकास बैंकले गत असोजमा सार्वजनिक गरेको नेपालको आर्थिक सुधारसम्बन्धी प्रतिवेदनले पनि नेपालको अर्थतन्त्रमा सुधारका सङ्केत देखिएको र त्यसको एक आधारका रूपमा जलविद्युत् रहेको औँल्याएको थियो । (प्रस्तुत विचार मन्त्री खड्कासँग गरिएको कुराकानीमा आधारित)

# प्लाष्टिक प्रयोगः एक हानिकारक लत

**नारायणप्रसाद घिमिरे\रासस**

**काठमाडौँ, जेठ २२:** छिटो, छरितो र सहजताका लागि प्रयोग गरिने प्लाष्टिक अहिले एक समुदाय र देशमात्र नभई विश्वकै ठूलो चिन्ताको विषय बनेको छ। वास्तवमा, विश्व यतिखेर प्लाष्टिकविरुद्धको लडाइँमा होमिएको छ। यसको उत्पादन र प्रयोग कसरी निमिट्यान्न पार्ने भनी लामो समयदेखि अनुसन्धान जारी छन् । प्लाष्टिकको विकल्पमा कस्ता वस्तुको उपयोग गर्ने भनी वर्षैपिच्छे अध्ययन अनुसन्धानका ठेली तयार हुन्छन्, सरकारलाई सिफारिस पनि गरिन्छन्, तर उल्लेख्यरूपमा प्लाष्टिकको प्रयोगमा कमी आएको छैन।

मानव जातिकै सहजताका लागि आविस्कार भएको प्लाष्टिक आखिर किन टाउको दुःखाइको विषय बन्यो त ? यो चिजले यति दुःख देला भन्ने कुरा सायदै सोचिएको थियो होला । स्पष्ट छ, यो आविस्कारले मानव जाति मात्र नभई अन्य जीवजन्तु, वनस्पतिको अस्तित्व नै सङ्कटमा पारी सारा वातावरण नै तहसनहस पारिरहेको छ । प्लाष्टिक उत्पादक कम्पनीमाथि कडा निगरानी नहुँदा अनेक सङ्कट निम्त्याउने यो वस्तुको उत्पादनमा कुनै कमी आएन, बजार नियन्त्रण गरिएन, उपभोक्ताको व्यवहार परिवर्तन भएन । उल्टै, प्लाष्टिक प्रयोगको लत बढेर गयो।

प्लाष्टिक प्रयोगको सहजतासँगै यसले निम्त्याएको जोखिम थाहा पाउन कुनै वैज्ञानिक प्रतिवेदन पढिरहनु पर्दैन । हाम्रा दैनिक व्यवहार र यसको परिणाम हेर्दा नै छर्लङ्ग हुन्छ। बजार जाँदा झोला बोक्दैनौँ। किनमेलपछि व्यापारीले झोला सित्तैमा दिन्छ । त्यो झोला हो प्लाष्टिक । प्लाष्टिक सर्वव्यापी छ । समुद्री जीवजन्तुलाई पासो थाप्नेदेखि हाम्रो भान्साकोठामा चाङ लाग्ने वस्तु हो प्लाष्टिक । समुद्री जीवजन्तु् प्लाष्टिकको जालीमा किल्किले लागेर निस्प्राण भएका थुप्रै दृश्य सहजै देखिन्छ, गाउँघरमा खेत जोत्दा हलोमा प्लाष्टिक अड्किन्छ । गाईभैंसी पालेर दूधदही खाने चलन लोप भएर बजारबाट किनेर ल्याएको कोकोकोला खाने आदत बढेर गएको छ । कोकोकोलाजस्ता पेय पदार्थ प्लाष्टिक विभिन्न आकारका बोतलमै पाइन्छ। दही, मही, घ्यू छोडेर प्लाष्टिकको ड्यू, कोक, फ्यान्टा खाने चलनलाई आधुनिकताको रूपमा लिन थालियो।

त्यतिमात्र होइन, प्लाष्टिक प्रदूषण रोक्नका लागि कतिपय विशाल हल, महल र होटलमा कार्यक्रम हुने गहन नीतिगत छलफल र बहसमा पनि त्यही प्लाष्टिक कै बोतलमा पानी उपलब्ध हुनु र पिउनुमा सरोकारवाला, नीति निर्माता र भाषणवाजलाई कुनै असहज छैन, शरम छैन। हामी जो कोहीले प्लाष्टिक प्रयोगको यतिविघ्न लत बसायौं मानौँ प्लाष्टिकमा राखेको सामान, पेय, पानीमा जति स्वाद र सन्तुष्टि हुन्छ अन्यमा हुँदैन।

यो खतरनाक चीजको लत यसमा मात्र सीमित छैन । दसैँ, तिहार, छठजस्ता नेपालीका महान् चाडबाडमा पनि प्लाष्टिकबाट बनेका फूल र सजावटका सामग्री यत्रतत्र पाइन्छन्। विदेशबाट समेत आयात गरेर प्रयोग गरिन्छ । प्लाष्टिक देखावटी दुनियाँको प्रभावकारी हतियार भएको छ। रङ्गीचङ्गी फूलले सिङ्गारिने मञ्च कृत्रिम वस्तुले सिङ्गारिदा पनि मञ्चमा विराजमान अतिथि, वक्ता कसैले पनि यहाँ फूल नभएर प्लाष्टिकको प्रयोग किन भनेर सोध्दैनन्।

नेपालमा प्लाष्टिकको बोरा छयाप्छयाप्ती भएपछि जुटको बोरा हरायो। जुटका बोरा, डोरी मात्र हराएनन्, उद्योग पनि धराशायी भए, हराए । जुट उद्योग नै हराएपछि सनपाटको खेती भएन । यो खेती नहुँदा धागो÷रेसा बनाउनुअघि सनपाट कुहाउने पोखरी मासिए। पोखरी मासिएपछि कतिपय जलचर र चरा सङ्कटमा परे । विशेषगरी तराईमा हुने यस्ता पोखरी सुक्दा पानीका मुहान पनि सुके। तराईमा पानीको सङ्कट गहिरिनुमा अरु थुप्रै कारण होलान्, तर जुटको पोखरी मासिनुका बहुपक्षीय असर छन् । यसको बृहद् अध्ययन अनुसन्धान जरुरी छ।

विद्यालयमा साना बाबु नानीलाई वातावरणको महत्व पढाएर नथाक्ने शिक्षकले विद्यार्थीलाई किताबमा प्लाष्टिकको गाता नलगाउ भन्दैनन्, प्लाष्टिकको बोतल प्रयोग नगर भन्दैनन् । कस्तो विरोधाभास । अनि, कलिला विद्यार्थीलाई वातावरण दिवसका दिन रुख रोपौँ, वातावरण जोगाउँ भनी नारा लगाउँदै टोलमा फिरी लगाउने चलन यथावत् छ।

सभ्य मानिने शहरमा बग्ने नदीहरुको दूरावस्थाले तीव्र शहरीकरणको प्रभाव मात्र देखाउँछ त ? देशको केन्द्रीय प्रशासनिक निकाय सिंहदरबार र देशभरकै जनप्रतिनिधिको सर्वोच्च थलो सङ्घीय संसद नयाँ बानेश्वरबाट बागमती नदी कति मिटर टाढा छ ? यसको प्रदूषण केवल ढलमात्र हो वा प्लाष्टिक पनि ? कानुन तथा नीति निर्माणको सर्वोपरी निकाय मात्र होइन, विश्वकै हिन्दूहरुको आस्थाको केन्द्र पशुपतिनाथबाट पनि वागमती नदीको दुर्दशा दृष्टिगोचर हुन्छ। पवित्र वागमती मात्र होइन, राजधानी उपत्यकाका अन्य नदी प्रणालीको हविगत उही छ । ढलमती भएका यी नदी सर्वव्यापी प्लाष्टिकका थुप्रोमा पुरिएर मृत्युशय्यामा गुज्रिएका छन् । धन्न केही स्वयंसेवीले साप्ताहिक नदी सफाइ अभियान जारी राखेका छन् । मानवअधिकार मात्र होइन, आजकल प्रकृतिसमेतको अधिकारको कुरा उठ्न थालेको छ । त्यस हिसाबले के यी नदीले स्वच्छ स्वअस्तित्वमा बाँच्न नपाउने ? शहरमा नदी हुनु नेपालका लागि ठूलो सौभाग्य हो । तर तीनै नदीको आरोग्यता मासेर आफ्नो अस्तित्व सङ्कटमा पार्न, वातावरण धुलिसात् पार्न हामी किन उद्यत् छौँ ? बडो विरोधाभास छ।

**विरोधाभास हटाउँ**

यस्ता अनेक गैरजिम्मेवार प्रवृत्ति र विरोधभासले प्लाष्टिकको प्रयोगमा कमी आएको छैन । नीति, नियम, कानून छन् । न्यायालयले आदेशसमेत दिएको छ । संविधानको मौलिक हकमै स्वच्छ वातावरणको अधिकार शुनिश्चित गरिएको छ । वातावरण र जलवायुसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रय सभासम्मेलन, मञ्चमा जोडदार प्रस्तुति भएका छन् । लामो समयदेखि वातावरण मन्त्रालय र यसअन्तर्गतका विभाग सक्रियरूपमा काम गरिरहेका छन् । प्लाष्टिक प्रयोग रोक लगाउने निर्देशन बेलाबेलामा भएकै छन् । दिगो विकास लक्ष्यमै मानव, सम्बृद्धि र सहकार्यलाई विशेष जोड दिइएको छ । आखिर किन प्लाष्टिक प्रयोग चाहिँ घट्दैन त ? हाम्रो व्यवहार, प्रवृति र नीति र व्यवहारको विरोधाभास नै यसको जड हो भन्नु अत्यक्ति नहोला।

प्लाष्टिक प्रयोगले स्वास्थ्यमा असर गर्छ, माटोको उत्पादकत्वमा ह्रास ल्याउँछ, कृषि प्रणाली नष्ट गर्छ, परम्परागत असल व्यवहार मास्छ, जीवजन्तु र जलचरमा सङ्कट निम्त्याउँ भनेर सम्झाउन अब कुनै निर्देशन नै आवश्यक पर्दैन किनकि यी कुरा मानिसले दैनिन्दिन आँखै अगाडि भोगेका छन्। त्यसैले हरेक उपभोक्ताले आफ्नो व्यवहारमा सुधार ल्याउनु अत्यावश्यक छ।

सरकार निमयमनकारी निकाय हो । विरोधाभाष अन्त्य गर्न, निर्णय पालना गर्न गराउन र अदालतका आदेश व्यवहारमा उत्तार्न केले छेकेको छ, व्यक्ति, संस्था, नियम ? तिनीहरुको निक्र्यौल गरी कारबाहीअघि बढाउनुपर्छ। सरकारका गतिविधि नियाल्ने, निगरानी राख्ने, जनताको चासो व्यक्त गर्ने अर्को महत्वपूर्ण र सर्वोच्च संस्था हो संसद्। संसद्ले यस्ता विषयमा सरकारलाई सचेत गराइरहन पर्छ, जनतालाई सुसूचित गरिरहनुपर्छ । संसद्ले कानुन निर्माण मात्र होइन, यसको उचित पालना भए नभएको पनि उत्तिकै लेखाजोखा गर्नुपर्छ।

हरेक वर्ष मनाइने वातावरण दिवसको यस वर्षको नारा 'प्लाष्टिक प्रदूषण निर्मूल गरौँ' भन्ने छ। विश्वकै चासोको विषय नेपालमा पनि उत्तिकै पेचिलो छ। आजको दिन भव्य कार्यक्रम गरी यो अन्तरराष्ट्रिय दिवस मनाइरहँदा बाँकी ३६४ दिनको व्यवहार पनि ख्याल गर्नुपर्छ । एकले अर्कालाई स्वच्छ वातावरणको महत्व सिकाइरहँदा कमजोरी पनि औँल्याएर सुधारका बाचा ग¥यौँ र व्यवहार परिवर्तन ग¥यौँ भने यसले दिगोपन ल्याउँछ।

**स्थानीय असल अभ्यासको प्रवद्र्धन**

अर्को सिक्नुपर्ने महत्वपूर्ण कुरा हो, सङ्घीयताको अवलम्बनसँगै कतिपय स्थानीय सरकारले परम्परागत ग्रामीण उपभोग शैलीको पुनर्जागरण ल्याउन गरेको सत्प्रयास। जस्तै, गतवर्ष खोटाङ जिल्लाको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले आयोजना गरेको प्रथम राष्ट्रिय बाँस सम्मेलन । खेत, पाखोबारी र जङ्गलमा पनि पाइने बाँस यस्तो बहुउपयोगी वनस्पति हो, जसबाट थुप्रै घरेलु सामग्री निर्माण हुन्छन् । यिनको उपयोगले प्लाष्टिकबाट बनेका अनेक वस्तुको सहजै विस्थापन गर्न सकिन्छ। यो सम्मेलनले यस्ता विषयमा धेरैको ध्यानाकर्षण गरेको थियो। केन्द्रीय सरकार र अन्य तहका सरकारले पनि यस्ता सत्प्रयास अवलम्बन गर्न सक्नुपर्छ। असल अभ्यास भन्ने वित्तिकै अन्तरराष्ट्रिय मात्र हुन्छन् भन्ने धारणा त्यागेर राष्ट्रिय र स्थानीय असल अभ्यासको पनि खोजी, प्रवर्द्धन गर्ने कि ? सधैँ जे विषयमा पनि छिटो मात्र होइन, दिगो पनि भनेर जोड दिए प्लाष्टिक प्रदूषण पक्कै कम गर्न सकिन्छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दभिर्कताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# सुदूरपश्चिममा कोभिड परीक्षण गर्ने किट अभाव

**कञ्चनपुर ।**
सुदूरपश्चिम प्रदेशमा कोभिड परीक्षण गर्ने किट अभाव भएको छ । गौरीफन्टा र गड्डाचौकि नाकामा भारतबाट नेपाल फर्किनेहरुमा कोभिड सङ्क्रमण देखिन थाले पनि परीक्षण गर्ने किट अभाव हुदाँ थप परीक्षण हुन सकेको छैन ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका महामारी सम्पर्क व्यक्ति हेमराज जोशीले सुदूरपश्चिममा कोभिड परीक्षण गर्ने किट अभाव हुँदा नाकामा परीक्षण हुन नसकेको जानकारी दिए । 'बुधवार कैलालीको गौरीफन्टा नाकामा भारतबाट आएका तीन जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ", जोशीले भने, 'थप परीक्षणका लागि किट अभाव छ, हामीले सङ्घ र प्रदेश सरकारसँग माग गरेका छौं ।'

बुधबार गौरीफन्टा नाकामा भारतबाट आएका ३६ जनामा कोभिड परीक्षण गर्दा तीन जनामा सङ्क्रमण पुष्टि भएको थियो ।

निर्देशनालयका अनुसार कोभिड पुष्टि हुनेमा कञ्चनपुरको पुनर्वासका २० वर्षका युवक, अछामको ढकारीका ३२ वर्षीय युवक र कैलालीको धनगढीकी २४ वर्षीया युवती रहेका छन् । कोभिडको परीक्षणका लागि किट नहुँदा अन्य नाकामा परीक्षण हुन सकेको छैन । कोभिड पुष्टि भएका सबैको पिसीआर परीक्षणका लागि केन्द्रीय जनस्वास्थ्य प्रयोगशाला टेकु काठमाडौँ पठाइएको उनले बताए । 'कोभिड पुष्टि भएका तीनै जनाको 'स्याम्पल' टेकु पठाएका छौँ, त्यहाँ पिसीआर परीक्षणपछि कोभिडको कुन भेरियन्ट रहेछ भन्ने पत्ता लाग्छ', जोशीले भन, 'छिमेकि मुलुक भारतमा सङ्क्रमण बढिरहेको छ, खुला सिमानाकाका कारण सुदूरपश्चिममा पनि सङ्क्रमणको जोखिम बढेको छ ।'

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभागले सङ्क्रमणको महामारी निम्तनसक्ने सम्भाव्यतालाई मध्यनजर गर्दै मातहातका कार्यालय, अस्पताल र प्रयोगशाला तयारी अवस्थामा रहन निर्देशन दिएको छ । तर, नाकामा परीक्षणका लागि किट नहुँदा परीक्षण हुन नसकेको स्वास्थ्य कार्यालयको भनाइ छ । जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरका प्रमुख ओमप्रकाश जोशीले कोभिड परीक्षणका लागि किट अभाव रहेको जानकारी दिए ।

'गड्डाचौकी नाकाबाट नेपाल आउनेको सङ्ख्या बढेको छ, नाकामा रहेको रहेको हेल्थ डेस्कबाटसमेत कोभिड परीक्षणको किट माग भएको छ', उनले भने, 'हामीसँग किट छैन, हामीले माथिल्लो निकायमा माग गरेका छौं ।' कैलालीको गौरीफन्टा र कञ्चनपुरको गड्डाचौकी भारतसँग जोडिएका प्रमुख नाका हुन् ।

नाकामा हेल्थ डेस्क रहेको भए पनि कोभिड परीक्षणका लागि किट नहुँदा परिक्षण हुन सकेको छैन । महेन्द्रनगरस्थित महाकाली प्रादेशिक अस्पताल कोभिडको लक्षण देखिएका बिरामी आउने गरे पनि परीक्षण किट अभाव हुँदा परीक्षण हुन नसकेको अस्पतालका सूचना अधिकारी शान्तप्रसाद जोशीले जानकारी दिए ।रासस

# वातावरणीय न्यायको पक्षमा आवाज बुलन्द गर्न अध्यक्ष दाहालको आग्रह

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले वातावरणीय न्यायका पक्षमा आवाज बुलन्द गर्न सबैलाई आग्रह गरेका छन ।

विश्व वातावरण दिवसको अवसरमा बिहिवार शुभकामना व्यक्त गर्दै उनले नेपालजस्तो जैविक विविधताले भरिपूर्ण, कृषिप्रधान मुलुकमा वातावरणमैत्री जीवनशैली विकास गर्न सबैले सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिए ।

तराई, पहाड र हिमालको भौगोलिक स्वरूप भएको मुलुकमा प्लास्टिकजन्य प्रदूषणको असर गम्भीर बन्दै गएको अध्यक्ष दाहालले उल्लेख गर्नुभयो । उनले भने, 'प्लास्टिकको प्रयोग कम गर्न र पुनःप्रयोगलाई प्राथमिकता दिन, वातावरणमैत्री जीवनशैली विकास गर्न र वातावरणीय न्यायका पक्षमा आवाज बुलन्द गर्न सबैमा आग्रह गर्दछु ।' आजको आवश्यकता वातावरण संरक्षण र जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा खबरदारी गर्दै सक्रियता बढाउनु रहेको अध्यक्ष दाहालको भनाइ छ । 'हिमाल, हिमशृङ्खला र हिमाली जनजीवन जोगाउन, जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि हामीले आज निर्णायक कदम चाल्न सकेनौँ भने भविष्यका पुस्ताले भयावह परिणाम भोग्नुपर्ने छ', उनले भने ।

सहरी क्षेत्रदेखि ग्रामीण बस्तीसम्म प्लास्टिकजन्य फोहर व्यवस्थापन जटिल चुनौतीका रूपमा देखिएको उल्लेख गर्दै अध्यक्ष दाहालले प्लास्टिकजन्य प्रदूषण आजको प्रतिस्पर्धी पुँजीवादी प्रवृत्तिको प्रत्यक्ष परिणाम भएको धारणा राखे ।

'प्लास्टिकजन्य प्रदूषण वातावरणीय सन्तुलन बिग्रनुका साथै जनस्वास्थ्य, खाद्य सुरक्षा, जलस्रोत र जैविक प्रणालीमा दीर्घकालीन असर पु¥याइरहेको छ, त्यसैले यो समस्या समाधान गर्न सबै सरोकार भएका निकाय एकजुट भएर समन्वय गर्नु जरुरी छ', उनले भने ।

पूर्वप्रधानमन्त्री दाहालले आफूले प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्ने क्रममा वातावरणीय सुरक्षासम्बन्धी विषयवस्तुलाई नीति निर्माणको मुद्दा बनाउनुका साथै राष्ट्रिय तथा अन्तरराष्ट्रिय मञ्चमा जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेका असर, क्षतिपूर्तिलगायत जलवायु न्यायका विषयमा दृढतापूर्वक आवज उठाउँदै आएको स्मरण गरे ।

पर्वतीय मुलुकको समस्या, हरित ऊर्जा, जलवायु अनुकूलन रणनीति र वातावरणमैत्री नीतिहरूलाई केन्द्रमा राख्दै नेपाललाई हरित विकासको मार्गमा अगाडि बढाउनुपर्नेमा उनले जोड दिए । आज 'प्लास्टिक प्रदूषण अन्त्य गरौँ' भन्ने मूल नाराका साथ विश्व वातावरण दिवसका संसारभर मनाइँदैछ ।रासस

# राष्ट्रियसभाका सांसदद्वारा बजेट कार्यान्वयनमा जोड

**काठमाडौँ,**
राष्ट्रियसभाका सांसदहरुले आगामी आर्थिक वर्ष २०८२/०८३ को आर्थिक बजेट कार्यान्वयनमा जोड दिएका छन् । आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्यवको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा दलीय आधारमा आफ्नो धारणा राख्दै सांसदहरुले विगतमा बजेट उत्कृष्ट हुँदाहुँदैपनि कार्यान्वनमा जटिलता देखिएको उल्लेख गर्दै आगामी वर्षको बजेट कार्यान्वयनमा जोड दिएका हुन् ।

नेपाली कांग्रेसका सांसद किरण बाबु श्रेष्ठले बजेट उत्कृष्ट हुँदाहुँदै पनि कार्यान्वयनमा कमजोरी, पूँजीगत खर्चको न्यून उपयोग र भ्रष्टाचारजस्ता समस्या समाधानमा सरकारको ध्यान केन्द्रित हुनुपर्नेमा जोड दिए । उनले भने, 'सरकारका सबै बजेट भाषण र योजना राम्रा र कर्णप्रिय नै हुन्छन, तर मुख्य कुरा कार्यान्वयन हो, यद्यपी अहिलेको बजेट धेरै महत्वाकाङ्क्षी छैन, यसले नेपालको समसामयिक आर्थिक चुनौतीलाई सम्वोधन गर्ने प्रयास गरेको छ ।' नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद गोपाल भट्टराईले बजेटले स्नातकोत्तर अधययन गर्दे गरेका विद्यार्थीलाई स्वंयमसेवक शिक्षकको भूमिका परिचालन गर्ने विषय आफैँमा सकारात्मक भएको बताए । उनले भने, 'नीति तथा कार्यक्रममा दलितलाई समेटिएन भन्ने कुरा आएको थियो, तर अहिले बजेटले समेटेको छ, दलित भित्रपनि अति पिछडिएका मुसहर, डोम र चमार जातिका विद्यार्थीलाई चिकित्सा शिक्षामा प्रोत्साहन गर्न दुई अबै ४४ करोड बजेटको व्यवस्था भएको छ, यो राम्रो कुरा हो ।'

बजेटमा विदेशी विद्याथीलाई आकर्षण गर्ने कार्यक्रम समावेश गरिएको उल्लेख गर्दै सांसद भट्टराईले उद्योग व्यापारतर्फ प्रोत्साहन गर्ने उद्देश्यतर्फ बजेट केन्द्रित भएको उनको भनाइ छ ।

नेकपा (माओवादी केन्द्र) का सांसद मायाप्रसाद शर्माले सोह्रौँ पञ्चवर्षीय योजना र गत वर्षको बजेट कार्यान्वयनलाई वेवास्ता गरिएको टिप्पणी गर्दै तीन खम्बे अर्थनीति सहकारी, सरकारी र नीजिलाई समान ढङ्गबाट लैजानुपर्नेमा निजीलाई मात्रै प्रोत्साहन गरिएको बताए । उनले भने, 'बजेटले सरकारी र सहकारीलाई वेवास्ता गरेको छ, यसमा निजी क्षेत्र उत्साही छ, तर किसान, मजदूर, दलित र उपेक्षित वर्ग समुदाय निरुत्साही देखिन्छ ।' सरकारले बजेटमार्फत सुशासन, सामाजिक न्याय र समृद्धिलाई ओझेलमा पार्ने काम गरेको उनको भनाइ छ ।रासस

# परिकल्पना गरेअनुसार पूर्वाधार विकास भइरहेको छः उपप्रधानमन्त्री सिंह

**कैलाली ।**
उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले पूर्वाधार विकासमा वर्तमान सरकारले परिकल्पना गरेअनुसार काम भइरहेको बताएका छन ।बिहिवार गोदावरी नगरपालिका–३ चौकीडाँडामा एसियाली विकास बैङ्कको ऋण सहयोगमा निर्माण गरिएको एकीकृत फोहोरमैला व्यवस्थापन प्रणालीको उद्घाटन कार्यक्रममा उनले देशभरको पूर्वाधार विकास निर्माणमा सङ्घीय सरकार, स्थानीय तह र दातृनिकायको सहयोगमा उल्लेख्य काम भइरहेको बताए ।

सरकारले नयाँ सहर निर्माणका लागि एकीकृत सहरी खाका तयार गरी अघि बढिरहेको उनले बताए ।

उनले देशका १८५ वटा नगरपालिकाको एकीकृत सहरी योजना तयार पारिएको जानकारी दिए ।

उनका अनुसार तराई मधेसका सहरको आर्थिक अवस्था चलायमान बनाउन सहरी विकास मन्त्रालयले सो क्षेत्रका नगरपालिकामा एक हजार किलोमिटर बढी सडक र ढल निर्माण गरिरहेको छ ।

उपप्रधानमन्त्री सिंहले मन्त्रालयले आवास विहीनका लागि जनता आवास निर्माण र सुरक्षित आवास निर्माणलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए ।

सुदूरपश्चिममा उक्त परियोजना नमूनाको रूपमा रहेको बताउँदै उनले एकीकृत फोहोरमैला व्यवस्थापन, दिसाजन्य पदार्थ प्रशोधन प्रणालीले गोदावरी नगरपालिकालाई सफा र व्यवस्थित सहरका रूपमा चिनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

एसियाली विकास बैङ्क (एडिबी)को ऋण अनुदान सहयोग र नेपाल सरकारको सहकार्यमा क्षेत्रीय सहरी विकास आयोजना कार्यालय धनगढीको संयोजनमा निर्माण गरिएको सो केन्द्र ५२ करोड ८४ लाख रुपैयाँ को लागतमा सम्पन्न भएको हो ।

उक्त परियोजनामा ७५ प्रतिशत रकम एडिबीको ऋण र बाँकी २५ प्रतिशत नेपाल सरकारको लगानी छ । फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको ठेक्का चीनको सिचुवान प्रोभेन्सियल जियोलोजिकल इन्जिनियरिङ कम्प्लेक्सलाई दिइएको थियो ।

भण्डै पाँच हेक्टर क्षेत्रफलमा फैलिएको सो केन्द्र तीन वर्षसम्म निर्माण कम्पनीकै व्यवस्थापनमा रहनेछ भने उक्त अवधिपछि गोदावरी नगरपालिकालाई हस्तान्तरण गरिने सम्झौतामा उल्लेख छ ।

सो केन्द्रले दैनिक १३.५ टन फोहोर व्यवस्थापन र प्रतिदिन १३ घनमिटर दिसाजन्य फोहोर प्रशोधन गर्ने सहरी विकास भवन निर्माण विभागका महानिर्देशक बज्रकाजी महर्जनले बताए ।रासस

# नागरिकता विधेयकलाई यथाशीघ्र अघि बढाउनुपर्छः गृहमन्त्री लेखक

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयकलाई चाँडो टुङ्ग्याउन राज्य व्यवस्था तथा सुशासन समितिलाई आग्रह गरेका छन ।

बिहिवार सिंहदरबारमा बसेको यस समितिको बैठकमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि संशोधन प्रस्तावकर्ता सांसदहरुसँगको छलफलपछि मन्त्री लेखकले विधेयकको संवेदनशीलतालाई ध्यान राख्दै विधेयकअघि बढाउन जोड दिए ।

'यो अत्यन्त महत्वपूर्ण, गम्भीर विषय भएका हुनाले यसलाई चाँडोभन्दा चाँडो समितिले संशोधनकर्ता सदस्यसँग छलफल गरेर समिति आफैले पनि के गर्ने हो चाँडो भन्दा चाँडो धारणा र निर्णय प्रक्रियालाई अघि बढाउनुहोस् । सरकारले यसमा समितिसँग सल्लाह गरेर अघि बढन तयार छ' उनले भने ।समितिका सभापति रामहरि खतिवडाले ब्रिटिश गोर्खामा काम गर्ने र गैर आवासीय नेपाली(एनआरएन)को नागरिकताकासम्बन्धी विधेयकमा के कस्तो व्यवस्था राख्ने भन्नेमा गृह मन्त्रालयको स्पष्ट धारणा आउनुपर्ने जनाउँदै मन्त्री लेखकको ध्यानार्कषण गराए । मन्त्री लेखकले इलाका प्रशासन कार्यालयमार्फत पनि नागरिकताको व्यवस्थापन अघि बढाइएको तर कतिपय यस्ता कार्यालयमा नायब सुब्बस्तरका कर्मचारी प्रमुख भएका कारण विधेयकमा उक्त व्यवस्था समावेश गरिएको समितिलाई स्पष्ट पारे ।

'अधिकांशमा शाखा अधिकृत हुनुहुन्छ, कुनै कुनै ठाउँमा नायब सुब्बास्तरका कर्मचारी इलाका प्रशासनको प्रमुख भएर बस्नुहुन्छ । त्यस्तो स्थिति भएका हुनाले कार्यालय प्रमुख भन्ने व्यवस्था राखिएको हो', उनले भने । मन्त्री लेखकले देशभरका जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा टोकन प्रणाली लागू गरिएको र सेवाग्राहीलाई कम समयमा सहज सेवा प्रवाह गर्ने काम भइरहेको समितिलाई जानकारी दिए ।रासस

# सदनको गतिरोध अन्त्यका लागि माओवादी रचनात्मक ढङ्गले अघि बढ्ने

**काठमाडौँ ।**
प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले संसद्को गतिरोध अन्त्य गर्न सिर्जनात्मक र रचनात्मक ढङ्गले अघि बढ्ने निर्णय गरेको छ । पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवासमा बिहिवार बसेको पदाधिकारी बैठकले 'भिजिट भिसा'का नाममा नागरिकमाथि ठगी भइरहेको विषयमा भने छानबिन अपरिहार्य रहेको निष्कर्ष निकालेको हो ।

'व्यक्ति विशेषमा पार्टीको ध्यान छैन, मुख्य विषय छानबिन समिति गठन गरी प्रभावकारी छानबिन गर्नु हो, यसबारेमा निरन्तर छलफल भइरहेको छ । यसलाई सकारात्मक निष्कर्षमा पु¥याउनुपर्छ भन्ने दृष्टिकोणबाट छलफल अघि बढेको छ', बैठकपछि उपाध्यक्ष एवं पार्टी प्रवक्ता अग्निप्रसाद सापकोटाले भने, 'यो गम्भीर विषय भएकाले छानबिनका लागि वातावरण बनाउनुपर्छ । सदन सञ्चालनका बारेमा सकारात्मक छलफल गरी अघि बढ्नुपर्छ भन्ने निष्कर्ष निकालेका छौँ ।'

बैठकमा पार्टीको सहायक सङ्गठन योङ कम्युनिष्ट लिग (वाइसिएल)को तेस्रो राष्ट्रिय सम्मेलनका बारेमा अध्यक्षले जानकारी दिए उल्लेख गर्दै प्रवक्ता सापकोटाले वाइसिएलमा सहमतिबाट नेतृत्व चयन गरिने बताए ।प्रवक्ता सापकाटोले द्वन्द्वकालीन मुद्दालाई लिएर सर्वोच्च अदालतबाट आएको आदेशका बारेमा अहिले टिप्पणी गर्ने समय नभएको धारणा राखे । 'लिखित आदेश आएको छैन, आफ्नै ढङ्गबाट प्रचारप्रसार र व्याख्या गरिएको छ, यसका बारेमा अहिले नै छलफल गर्नुपर्ने र धारणा बनाउनुपर्ने अवस्था होइन, पूर्णपाठ आइसकेपछि मात्रै भन्न सकिन्छ ।रासस

# विपद् पूर्वतयारीलाई तीव्रता दिँदै गृहमन्त्री लेखक

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले केही दिनयता विपद् प्रतिकार्यको पूर्वतयारीलाई दुरुस्त राख्न र मातहतका निकायलाई तयारी अवस्थामा रहन निर्देशन दिएका छन ।

बिहिवार बिहान उनले सात वटै प्रदेश र ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा समितिसँग विपद् पूर्वतयारीका विषयमा भर्चुअल बैठक गर्दै विगतको जस्तो लापरबाही नगरी सावधानीपूर्वक तयारीमा जुट्न सबैलाई निर्देशन दिए ।

गृहमन्त्री लेखकले जानाजान लापरबाही गर्नेलाई कारबाहीको चेतावानीसमेत दिए । गुनासो नआउने गरी काम गर्ने निर्देशन गर्दै उनले भने, 'यस वर्ष मनसुन बढी हुने पूर्वानुमान भएकाले विपद्बाट क्षति बढी हुनसक्ने आँकलन गरिएअनुसार गम्भीर भएर क्षति कम हुन सचेत भएर लागौँ ।'

विपद् पूर्वसूचना प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै मन्त्रीलेखकले त्यसका लागि प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वय गर्नुपर्ने बताए । उनले केन्द्रसँगै विपद्लाई मध्यनजर गर्दै प्रदेश र जिल्लामा 'अप्रेसन डेस्क' स्थापना गर्न जोड दिए ।

बैठकमा निमित्त गृहसचिव जयनारायण आचार्यले विपद्व्द् व्यवस्थापनमा सूचना सङ्कलन र आपसी समन्वय महत्त्वपूर्ण हुने चर्चा गर्दै सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्दै विपद् व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नो जोड दिए ।

उनले आमनागरिकले सङ्कटको समयमा सुरक्षा निकायलाई आशाको केन्द्रका रूपमा लिने हुनाले त्यस्तो परिस्थितिमा अत्यावश्यक सेवा प्रवाहमा थप संवेदनशील भई उच्च मनोबलका साथ कार्यसम्पादन गर्न आग्रह गरे ।

यसैगरी, गृहमन्त्री लेखकले पूर्वतयारीलाई दुरुस्त राख्न र मातहतका निकायलाई तयारी अवस्थामा रहन निर्देशन दिँदै मुलुकभर मनसुन भित्रिने क्रम रहेकाले जनसुनजन्य विपद्बाट जनजीवन प्रभावित हुनसक्ने आँकलन भइरहेकाले पूर्वतयारीलाई तीव्रता दिएका हुन ।

मनसुन भित्रने क्रमसँगै विपद् प्रतिकार्यका लागि मन्त्री लेखकले सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई तयारी अवस्थामा रहन निर्देशन दिँदै काठमाडौँस्थित नेपाल प्रहरी तथा विपद् व्यवस्थापन कार्यालय पुगेर निरीक्षण गरी आवश्यक पूर्वतयारीको बन्दोबस्तीका बारेमा जानकारी लिए । गत वर्षको बाढीबाट जनधनको क्षति ब्यहोरोको मुलुकले यस वर्ष पनि मनसुनजन्य विपद् आउने पूर्वानुमान गरिएसँगै गृह प्रशासन त्यसको प्रतिकार्यमा सशक्त रूपमा अघि बढेको हो ।

विगत तीन दिनयता गृहमन्त्री लेखकले पूर्वतयारीका विषयमा सरोकार भएका निकायसँग समन्वय बढाउनुका साथै गृहमन्त्रालयले देशभरका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखलगायत सुरक्षा संयन्त्रसँग 'भर्चुअल' बैठकबाट विपद् प्रतिकार्यको पूर्वतयारीमा सक्रिय हुन निर्देश गरेको छ ।

गृहमन्त्रालयले विगतको विपद्का घटनालाई सिकाइका रूपमा लिँदै आफूसँग भएका प्राविधिक जनशक्ति तथा उपकरणलाई तयारी अवस्थामा राख्न, स्थानीय र प्रदेश सरकारसँग समन्वय बढाउन आग्रह गरेको छ ।

बुधबार विपद् व्यवस्थापन कार्यालयको निरीक्षणका क्रममा गृहमन्त्री लेखकले विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा जुनसुकै बेला जेसुकै हुन्छ भन्ने मानसिकतामा रहन निर्देशन दिए । उनले सीमित स्रोत र साधनका बीच प्रहरी संयन्त्र विपद् प्रतिकार्यमा खटिनुपर्ने बाध्यता रहेको भन्दै मन्त्रालयआवश्यक समन्वय र सहजीकरण गर्न अग्रसर रहेको बताए ।

'जुन सुकै बेला जेसुकै हुन सक्छ । त्यो मानसिकताका साथ बस्नुपर्छ । मनसुनजन्य विपद्को पूर्वानुमान हुन्छ । तर, भुकम्प र आगलागीको पूर्वानुमान हुँदैन', उनले भने, 'हामी मनसुनको पूर्वसन्ध्यामा छौँ । मनसुन सक्रिय भएपछि बाढी र पहिरो आउँछ । त्यसको पूर्वतयारीमा हामी तयार रहनुपर्छ ।' विपद्को व्यवस्थापन र नागरिकको सुरक्षा गर्नु हाम्रो जिम्मेवारी भएको भन्दै चौबिसैँ घण्टा तयार रहन गृहमन्त्री लेखकले निर्देशन दिए ।

'विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापन नेपाल प्रहरीको जिम्मेवारी हो भनेर कानुनमा उल्लेख छ । नेपाल प्रहरीको उपस्थिति नागरिक तहमा विशाल छ । मानिसमा प्रहरीप्रति आशा र भरोसा बढ्दो छ । विपद्मा मानिसले सबैभन्दा पहिले प्रहरी खोज्छ । हामीले जनताको भावनालाई सेवाको भावले सम्बोधन गर्नुपर्छ', उनले भने ।

बर्खायाममा बाढी, पहिलो र डुवानको बढी जोखिम हुने भएकाले सोको न्यूनीकरण र व्यवस्थापनको तयारी अवस्थामा रहनुपर्नेमा जोड दिए । 'मनसुनजन्य विपद्का लागि आजैदेखि तयार हुनुप¥यो । समयमा पूर्वसूचना गराउन र उद्धारका लागि तयार अवस्थामा बस्न जरुरी छ । जेठ २८ गतेदेखि मनसुन सक्रिय हुने अनुमान छ', मन्त्री लेखकले भने ।

तीन दिनयता पूर्वतयारी अवस्थाबारे जानकारी लिन सशस्त्र प्रहरी बलको मुख्यालय पुग्नुभएका गृहमन्त्री लेखकले विपद्को व्यवस्थापन गर्ने जिम्मेवारी सशस्त्र प्रहरीलाई तोकेको भन्दै प्रभावकारी तयारीमा लाग्न निर्देशन दिनुभएको थियो । विपद् जोखिम देखिएका ठाउँमा परिचालित भएर सम्भावित घटना हुन नदिन चनाखो हुनुपर्ने उनको भनाइ छ ।

मन्त्रीलेखकले सशस्त्र प्रहरी बल नेपाललाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा काम गर्न आग्रहल गरे । उनले राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (एनइओसी)को एउटा शाखा राख्नुपर्ने बताए । 'त्यसमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका अधिकारी बसेर काम गर्नुप¥यो । कुनै पनि ठाउँमा विपद् आइलाग्दा आ–आफ्ना क्षेत्रलाई समन्वय गर्न सजिलो हुन्छ । यसले विपद् व्यवस्थापनमा शीघ्र काम गर्न सकिन्छ', उनले भने ।

मनसुनजन्य विपद्का खतरा देखिएका ठाउँमा रातिको समयमा सवारीसधान सञ्चालन रोक लगाउनुपर्ने मन्त्री लेखकले बताए । 'कुनै ठाउँबाट पनि गुनासो नआउने गरी, विगतमा भएका हाम्रा कमीकमजोरीलाई सुधार गर्दै अघि बढ्नुपर्ने जरुरी छ', उनले भने ।

भर्चुअल बैठकमा सातै प्रदेशका सशस्त्र प्रहरीका बाहिनीपतिले आ–आफ्नो क्षेत्रमा भएका तयारीका बारेमा जानकारी दिएका थिए । त्यसैगरी मङ्गलबार नेपाल प्रहरी प्रधान कार्यालय पुगेर विपद् पूर्वतयारीबारे जानकारी लिएका मन्त्रीलेखकले विपद् व्यवस्थापनमा विगतमा भएका कमीकमजोरीको विश्लेषण गरी आगामी दिनमा त्रुटिरहित ढङ्गबाट कार्यसम्पदान गर्न प्रहरी कर्मचारी सक्रिय हुनुपर्नेमा जोड दिए ।

विपद् व्यवस्थापनमा स्थानीय तह तथा सरोकार भएका निकाय, नेपाली सेना, सशस्त्र प्रहरी बल र प्रदेश सरकारलगायत निकायसँग समन्वय गरी जनताले महसुस गर्न सक्नेगरी कार्य गर्न उहाँले निर्देशन दिए । सो अवसरमा विपद् व्यवस्थापनसम्बन्धी नमूना अभ्यास प्रदर्शन गर्नुका साथै विपद् उद्धार सामग्रीको अवलोकन गरिएको थियो ।

यसैबीच, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको यही जेठ १४ गते बसेको बैठकले 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना–२०८२' पारित गरेको थियो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको ३२औँ बैठक कार्यकारी समितिका अध्यक्ष एवं गृहमन्त्री लेखकको अध्यक्षतामा बसेको बैठकले यसअघि यस वर्षको मनसुनको पूर्वानुमान, विपद्बाट प्रभावित हुने अनुमानित केसलोड, मनुसनजन्य विपद्को पूर्वतयारी तथा प्रतिकार्यका लागि सरोकार भएका मन्त्रालय, विभाग तथा निकायको जिम्मेवारी, विषयगत क्षेत्र तथा सम्बन्धित निकायको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, पूर्वतयारी र प्रतिकार्यको लागि आवश्यक सम्पर्क विवरण, सामग्रीको मौज्दात तथा दक्ष जनशक्तिको विवरण समेटिएको उक्त कार्ययोजना पारित गरेको हो ।

विपद् प्राधिकरणको नेतृत्वमा विभिन्न सरोकार भएका मन्त्रालय र विभागका प्रतिनिधिको समितिले तयार गरेको कार्ययोजनामा यस वर्षको मनसनुजन्य विपद्बाट मुलुकभर चाल लाख ५७ हजार परिवारका १९ लाखभन्दा बढी नागरिक प्रभावित हुने अनुमान गरिएको छ । जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको उल्लेख गरेको छ । गृहमन्त्री लेखकले सातै वटै प्रदेशमा रहेका आपतकालीन गोदामघरलाई विपद् प्रतिकार्यमा सहज बनाउन प्रदेश सरकारलाई हस्तान्तरण गर्नुभएको छ । उहाँले हालसम्म चार वटा प्रदेशमा उद्धार तथा सहायता सामग्रीसहितको गोदामघर प्रदेश सरकारलाई हस्तान्तरण गरिसक्नुभएको छ । मनसुन, भूकम्पलगायत विपद्का जोखिमबाट नागरिकलाई बचाउन गोदामघर प्रदेशलाई हस्तान्तरण गरिएको हो ।

यसअघि गोदामघर सञ्चालनमा झन्झटिलो प्रक्रियालाई सहज बनाउँदै मन्त्री लेखकले प्रदेश सरकारलाई हस्तान्तरण गर्नुभएको हो । त्यसैगरी स्थानीय तहलाई पनि पालिका तहसम्म आपतकालीन गोदामघर सञ्चालनका लागि उहाँले आग्रह गर्दै आउनुभएको छ । 'गोदामघरका लागि छुट्टै बजेट र घर चाहिन्छ भन्ने छैन', लेखकले भने, 'पालिकाको एउटा कोठामा गोदामघर सञ्चालन गर्न सकिन्छ ।'
रासस

# कैलालीमा पाँच सय ४९ नयाँ उद्योग थपिए

**कैलाली ।**
जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय चालु आवको प्रथम १० महिनामा पाँच सय ४९ नयाँ उद्योग दर्ता भएका छन् ।

उक्त कार्यालयका सूचना अधिकारी शर्मिला बस्नेतका अनुसार एक सय १२ उत्पादनमूलक,दुई सय चार कृषिमूलक,दुई वटा पर्यटनमूलक,दुई वटा सूचना प्रविधि र २२९ सेवामूलक घरेलु तथा साना उद्योग दर्ता भएका हुन् ।

जिल्लामा हालसम्म घरेलु तथा साना उद्योग दर्ताको सङ्ख्या १६ हजार आठ सय ४६ पुगेको छ । दर्ता भएकामध्ये उत्पादनमूलक तीन हजार ५१८,कृषिमूलक सात हजार ३६,निर्माणमूलक दुई,पर्यटनमूलक ६८,सूचना प्रविधका १४ र सेवामूलक छ हजार २०८ उद्योग रहेका उनले बताए । चालु आवको सोही अवधिमा स्थानीय व्यापारअन्तर्गत वाणिज्यसम्बन्धी ५३२ वटा फर्म दर्ता भएका छन् ।

वाणिज्य,आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालयले २०८० पुस १ गते स्थानीय व्यापारतर्फका हस्तान्तरण गरेका तथा त्यसयता उक्त कार्यालयमा दर्ता भएका गरी वाणिज्यतर्फका फर्मको सङ्ख्या २५ हजार एक सय २७ पुगेका उनले जानकारी दिए । चालु आवमा दुई सय ३६ वटा घरेलु तथा साना उद्योग र वाणिज्यतर्फका तीन सय १४ गरी पाँच सय ५० वटा फर्मको लगतकट्टा गरिएको सूचना अधिकारी बस्नेतले जानकारी दिए । कार्यालयले चालु आवको उक्त अवधिमा एक करोड ४६ लाख एक हजार ५७३ रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

महिला,दलित र अपाङ्गता भएका व्यक्तिलाई नयाँ उद्योग दर्ता,नवीकरणमा छुटको व्यवस्था भएकाले पछिल्लो समय उद्योग दर्ता गर्नेको सङ्ख्या बढ्दै गएको उनले बताए । गत आवमा सात सय १४ घरेलु तथा साना उद्योग र वाणिज्यतर्फ तीन सय एक फर्म दर्ता भएका थिए । गत आवमा एक करोड ७७ लाख ४४ हजार ७७७ राजस्व रुपैयाँ सङ्कलन गरेको थियो ।रासस

# पूर्वीनाका काँकडभिट्टाबाट १६ अर्ब १९ करोडको पेट्रोलियम पदार्थ आयात

**झापा ।**
चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा पूर्वी नाका काँकडभिट्टाबाट १६ अर्ब १९ करोड १५ लाख रुपैयाँ मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । यहाँबाट पेट्रोल, डिजेल, एलपी ग्यास, एटिएफ, मट्टितेल आयात भएका हुन् । मेची भन्सार कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंका अनुसार गत आवको सोही अवधिको तुलनामा ९१ करोड ७७ लाख रुपौयाँ अर्थात् पाँच दशमलव ४० प्रतिशतले पेट्रोलियम पदार्थ आयातमा गिरावट आएको छ । आयात घटे पनि पेट्रोलियम पदार्थबाट प्राप्त राजस्व भने पाँच दशमलव ९० प्रतिशत अर्थात् ४३ करोड ७४ लाख ४७ हजार रुपैयाँ ले बढेको उनले बताए ।

कार्यालयको तथ्याङ्कअनुसार चालु आवको १० महिनामा पेट्रोलियम पदार्थ आयातबाट सात अर्ब ८३ करोड ६२ लाख ४३ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ । उक्त अवधिमा सात अर्ब ३४ करोड ११ लाख रुपैयाँ मूल्य पर्ने ८४ हजार ३०० किलोलिटर पेट्रोल आयात भएको थियो । यसैगरी, पाँच अर्ब ५३ करोड ९६ लाख रुपैयाँ मूल्य पर्ने ५९ हजार ९७६ किलोलिटर डिजेल आयात भएको छ ।चालु आवको १० महिनामा दुई अर्ब ३४ करोड रुपैयाँ मूल्य पर्ने २१ हजार १०६ मेट्रिक टन एलपी ग्यास, ५५ करोड ९४ लाख रुपैयाँ मूल्य पर्ने छ हजार ६० किलोलिटर एटिएफ र १९ करोड ६९ लाख रुपैयाँ मूल्य पर्ने दुई हजार १५२ किलोलिटर मट्टितेल आयात भएको कार्यालयले जनाएको छ ।रासस

# बागलुङको बुर्तिबाङ र कुश्मिसेरामा फोहर व्यवस्थापनमा समस्या

**बागलुङ ।**
बागलुङका दुई बजारको फोहर व्यवस्थापन हुन सकेको छैन । ढोरपाटन नगरपालिकाको केन्द्र बुर्तिबाङ बजार र जैमिनी नगरपालिकाको केन्द्र बजारको फोहर व्यवस्थापन हुन नसकेको हो । जिल्लाकै दोस्रो ठूलो व्यापारिक केन्द्रका रुपमा रहेको बुर्तिबाङमा तीव्र गतिमा बजारीकरण भइरहेको छ, तर सही रुपमा फोहर व्यवस्थापन नहुँदा वातावरणनै प्रदूषित हुने गरेको छ ।

दक्षिण बागलुङको बजारका रुपम विकास हुँदै गएको कुश्मिसेराको फोहर अहिले जैमिनीधाम जाने सडक छेवैमा डम्पिङ हुँदै आएको छ । यसका कारण त्यस क्षेत्रमा दुर्गन्धित फैलिएको छ । नगरपालिकाले यसको व्यवस्थापन गर्न सकेको छैन । फोहरको दुर्गन्धका कारण यात्रु समस्यामा परेका छन् । बुर्तिबाङ बजारको फोहर अहिले वडा नं ३ स्थित बाघखोरमा फाल्ने गरिएको छ ।

झण्डै ८ वर्षदेखि बाघखोरमा नगरपालिकाले फोहर फाल्दै आएको छ । नगरपालिकाले बाघखोरमा व्यवस्थापन गरेको फोहर ठूलो वर्षा हुँदा बगेर तमानखोलामा पुग्ने गरेको छ । फोहरले तमानखोला र भूजीखोलासमेत दूषित बनेका छन् । यी दुवै खोला बडिगाडखोलामा मिसिन्छन् । फोहरबाट जलचर प्राणीलाईसमेत असर पुगेको छ । अहिले फोहर व्यवस्थापन गर्दै गरेको स्थान बुर्तिबाङ–तमानखोला सडक छेउमै पर्छ । सडक छेउमा रहेको ‘डम्पिङसाइट’का कारण यात्रुलाई समस्या भएको छ । सडकमा दैनिक सयौँ यात्रु आवतजावत गर्छन् ।

नगरपालिकाले खोला छेउमा फोहर थुपारेर दैनिक आगो लगाउँदा धुँवाले सडकमा यात्रा गर्न गाह्रो हुने स्थानीय तेजबहादुर विकले बताए । गर्मीको समय फोहर कुहिएर टाढासम्म गन्ध आउने गरेको उनको भनाइ छ । यस ठाउँमा फोहर सही रुपमा व्यवस्थापन हुन नसक्दा हैजा फैलिने जोखिम बढेको विक बताउछन ।ढोरपाटन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी घिमिरेले फोहर व्यवस्थापनका लागि जग्गा खोज्न सुरु गरेको बताए । वर्षौंदेखि नै यहाँ फोहर फालिँदै आएको भन्दै नयाँ सहर आयोजनासँग सहकार्य गरेर ‘डम्पिङसाइड’ निर्माण गर्ने उनको भनाइ छ । सङ्घीय सरकारले फोहर व्यवस्थापनका लागि रु ८७ लाख विनियोजन गरेको भन्दै जग्गा व्यवस्थापन हुनासाथ अहिलेको ठाउँबाट फोहर हटाउने उनि बताउछन ।

कुश्मिसेराको फोहर व्यवस्थापनका लागि जग्गाकै समस्या छ । नगरपालिकाले जग्गा खोजीरहेको भन्दै गरे पनि अहिलेसम्म पार्यप्त पाउन नसक्दा फोहर व्यवस्थापनमा ढिलाइ भएको उपप्रमुख हरिहर शर्माले बताए । औद्योगिकग्रामका लागि करिब एक सय रोपनी र फोहरका लागि १५ रोपनी जग्गा आवश्यक परेको उनको भनाइ छ । दुईवटै संरचनाका लागि जग्गा प्राप्त गर्नासाथ फोहर व्यवस्थापन हुने उपप्रमुख शर्मा बताउछन ।

उपप्रमुख शर्माले भने,‘फोहर व्यवस्थापन गर्नतर्फ हामीहरु गम्भीरनै छौँ, साँघुरो ठाउँमा पर्याप्त जग्गा नपाउँदा समस्या भएको छ, केही ठाउँमा जग्गा पाइए पनि आवश्यक अनुसारको पुगेन, यद्दपि हामीहरुले विभिन्न ठाउँमा जग्गा हेर्ने र प्राप्त गर्नका लागि पहल गरिरहेका छौँ, अहिले व्यवस्थापन गर्दै आएको ठाउँमा उचित नहुँदा नहुँदै पनि बजारको फोहरलाई व्यवस्थापन गरि रहेका छौँ ।’रासस

# चैते धानको समर्थन मूल्य नपाउँदा किसान चिन्तित

**चितवन ।**
चैते धानले समर्थन मूल्य नपाउँदा यहाँका किसान चिन्तित भएका छन् ।

सरकारले चैते धानको समर्थन मूल्य दुई हजार ८७९ रुपैयाँ तोकेको भए पनि यहाँका किसान एक हजार रुपैयाँ देखि एक हजार ८०० रुपैयाँ सम्ममा बेच्न बाध्य भएका छन् । धान थन्काउने समयमा समर्थन मूल्य नपाएपछि किसान निरास भएका हुन् ।

खैरहनी नगरपालिकाका–१० का कृष्ण अर्याल चैते धानको समर्थन मूल्य नपाएकामा खिन्न छन ।

दुई बिघामा चैते धान लगाएका उनि समर्थन मूल्य नपाएपछि आगामी वर्षदेखि धानखेती नगर्ने निर्णयमा छन ।

समर्थन मूल्य नपाएपछि किसानले पालिका र उद्योग वाणिज्य सङ्घका पदाधिकारीसँग छलफल गरिएको उनले बताए । राप्ती नगरपालिका–५ का धर्मराज कँडेल पनि धानको मूल्य नपाएपछि निरास छन ।

जनजागृत हरियाली ताजा तरकारी तथा फलफूल उत्पादक सहकारी संस्थाका अध्यक्षसमेत रहेका कँडेल धानको समर्थन मूल्य अविलम्ब तोकिनुपर्नेमा जोड दिएका छन ।

पूर्वी चितवनको रत्ननगर, खैरहनी, माडी नगरपालिकासहित भरतपुर महानगरका केही भूभागमा चैते धानखेती हुने गरेको छ । कृषि विकास कार्यालयका प्रमुख झलकनाथ कँडेलले व्यवसायीका कारण किसानले मूल्य नपाएका बताए । स्थानीय व्यवसायी र सरोकार भएकाहरूबीचमा छलफल जारी रहेको जानकारी दिँदै उनले चाँडै निष्कर्ष निस्कने विश्वास व्यक्त गरे ।

चितवनमा यो वर्ष करिब १० हजार हेक्टरमा चैते धानखेती भएको छ । गत वर्ष नौ हजार ५०० हेक्टरमा चैते धान रोपिएकामा ५९ हजार ५१९ मेट्रिक टन उत्पादन भएको थियो ।रासस

# किसानलाई माटो परीक्षण गर्न सिकाउँदै ‘पौवादुङमा’

**भोजपुर ।**
यहाँको पौवादुङमा गाउँपालिकाले माटो सुहाउँदो खेती प्रणालीमा जोड दिन किसानलाई माटो परीक्षणसम्बन्धी सीप, प्रदान गरेको छ । गाउँपालिकाले भूगोल र माटो सुहाउँदो खेती प्रणालीमा जोड्न २४ जना अगुवा किसानलाई माटो परीक्षणसम्बन्धी पाँच दिने तालिम प्रदान गरेको हो ।

तालिममा सहभागी किसानलाई माटो परीक्षण गर्ने तरिका, परीक्षण गर्नु अघि खेतबारीबाट माटो सङ्कलन गर्ने तरिका, बालीमा प्रयोग गर्ने बीउबिजन तथा विषादीको प्रयोग गर्ने तरिकालगायतको सीप सिकाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए । तालिम लिएका अगुवा किसानले अब गाउँपालिकामा माटो प्राविधिकको रुपमा सेवा प्रदान गर्ने उनको भनाइ छ । आगामी आर्थिक वर्षमा सीप लिएकालाई माटो परीक्षणका लागि आवश्यकयन्त्र, उपकरण गाउँपालिकाले प्रदान गर्ने प्रमुख प्रशासकीय अधिकृत भट्टराईले बताए । ‘किसान आफैँ माटोसँग जानकार हुन सकुन् भन्नका लागि माटो परीक्षणसम्बन्धी सीप प्रदान गरेका छौँ’, उनले भने, ‘माटोको परीक्षण गरेर खेती गर्दाको फाइदाको विषयमा पनि जानकारी दिएका छौँ । तालिम लिएका अगुवा किसानलाई आगामी आर्थिक वर्षमा आवश्यक सामग्री पनि प्रदान गर्छौं ।’ गाउँपालिकाले कृषिमा योजनाबद्ध रुपमा काम गरिरहेकाले किसानलाई माटोसम्बन्धी प्रयोगात्मक रुपमा ज्ञान प्रदान गर्ने लक्ष्यले माटो परीक्षणको सीप प्रदान गरिएको गाउँपालिका अध्यक्ष किरण राईले बताए ।

गाउँपालिकाले मुख्य रुपमा अकबरे खुर्सानी खेतीसँगै माटो र हावापानी सुहाउँदो नगदेबाली खेतीमा जोड दिएकोले किसान आफैँले आवश्यक ज्ञान, सीप लिन सक्ने वातावरण तयार गर्न कार्यक्रम सञ्चालन गरिएको उनको भनाइ छ । ‘हामीले यहाँ योजनाबद्ध कृषिको विकासमा जोड दिएका छौँ’, अध्यक्ष राईले भने,‘गाउँपालिकामा अकबरे खुर्सानीमा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरेसँगै खुर्सानीबाट गतवर्ष मात्र १८ करोड रुपैयाँबराबर भित्रिएको छ । अन्यबालीको पनि व्यावसायिक खेतीमा किसान लाग्न सहजता प्रदान गर्न माटो परीक्षणको कार्यक्रम सञ्चालन गरेका हौँ ।”

गाउँपालिकामा कृषि तथा पशुपक्षी सेवा केन्द्र भवन निर्माण भएकाले कृषिसम्बन्धी थप काम गर्न सहज भएको अध्यक्ष राईको भनाइ छ । रासस

# कोरोनापछि अब चीनले बनायो नयाँ भाइरस ‘फुसेरियम’, अमेरिकाले गर्‍यो खुलासा

**काठमाडौं ।**
विश्व बजारमा राज गर्न चाहेको चीनले हरेक दिन अरु देशको सिमाना भित्र पसेर आफ्नो सिमाना बाहिर नयाँ निर्माण गर्ने र अरु देशलाई आर्थिक तथा सामाजिक क्षति पु¥याएको आरोप लाग्ने गरेको छ । अब अमेरिकाले ड्रयागनको नयाँ रहस्य खुलाएको छ ।



वास्तवमा, अमेरिकी गुप्तचर एजेन्सी एफबीआईले दुई चिनियाँ नागरिकलाई पक्राउ गरेको छ। जो एक प्रकारको फंगस (रोग) लिएर अमेरिका प्रवेश गरेका थिए । दुवैको उद्देश्य अमेरिकालाई ठूलो आर्थिक नोक्सान पु¥याउने रहेको बताइएको छ ।

दुवै चिनियाँ नागरिकको पहिचान युनकिङ जियान (३३) र जुनयोङ लिउ (३४) रहेको छ । जियान अमेरिकाको एक विश्वविद्यालयमा काम गर्छिन् र लिउ उनको प्रेमी हुन् जो चीनको विश्वविद्यालयमा काम गर्छन्।

अमेरिकी अनुसन्धान एजेन्सीहरूले उनीहरू दुवैलाई यो फंगस तस्करी गरेर आफ्नो देशमा प्रवेश गरेको आरोप लगाएका छन्। एफबीआई अधिकारीहरुका अनुसार यो खतरनाक फंगस हो, जसलाई ‘खतरनाक जैविक रोगजनक’ भनिन्छ। यो भाइरसको नाम ‘फ्यूजेरियम ग्रैमिनीरम’ हो।

अमेरिकी अधिकारीहरुका अनुसार फ्युसेरियम ग्रामिनेरम नामक फंगसले गहुँ, जौ, मकै र धानमा घातक रोग निम्त्याउन सक्छ । यसले ठूलो संख्यामा बाली नष्ट गर्न सक्छ र यदि यो मानिसको पेटमा पुग्यो भने यसले वान्ता र पखाला निम्त्याउन सक्छ। यसले पेट र कलेजोमा गम्भीर क्षति पु¥याएर मानिसको ज्यान समेत लिन सक्छ ।

अमेरिकी अनुसन्धान एजेन्सीका अनुसार युनकिङ र जुनयोङलाई षड्यन्त्र, तस्करी र भिसा धोखाधडीको आरोप लगाइएको छ। दुवैले प्रारम्भिक सोधपुछमा सहयोग नगर्ने र पटक–पटक झुट बोल्दै बयान फेरिरहेका छन् ।

जानकारीका अनुसार जुनयोङ लिउकी प्रेमिका अमेरिकाको मिशिगन विश्वविद्यालयको प्रयोगशालामा काम गर्छिन् । लिउ डेट्रोइट एयरपोर्टबाट अमेरिका प्रवेश गरे र उनको योजना आफ्नी प्रेमिकाको सहयोगमा प्रयोगशालामा फंगसमा काम गर्ने थियो। वैज्ञानिकहरुका अनुसार फुसेरियम ग्रामिनेरम घातक भाइरस हो ।

यो दानामा फैलिन्छ र मानव शरीरमा प्रवेश गर्छ र त्यसपछि दीर्घकालीन रोग निम्त्याउन सक्छ। विज्ञहरूका अनुसार यो रोग वा यो भाइरसबाट पीडित व्यक्तिको रोगबारे चिकित्सकहरूले थाहा पाउनासाथ पीडितका लागि घातक साबित हुनसक्छ । अमेरिकी सञ्चारमाध्यमका अनुसार यो फंगसलाई वैज्ञानिक भाषामा ‘पोटेन्शियल एग्रोटेररिज्म वेपन’ भनिन्छ। अमेरिकी न्यायाधिवक्ताको कार्यालयका अनुसार यस फङ्गसको प्रयोगबाट हरेक वर्ष विश्वभरका देशहरूलाई अर्बौं रुपैयाँ नोक्सान हुने गरेको छ । वास्तवमा कुनै न कुनै देशले शत्रु राष्ट्रको गहुँ, धान आदि बालीमा यो फंगस फैलाउँछ, जसले गर्दा ठूलो संख्यामा बाली नष्ट हुन्छ र खान पनि अयोग्य हुन्छ । यसले आर्थिक नोक्सान र किसान र सरकारलाई दबाब दिन्छ ।

धेरै साना देशहरूले आफ्ना मानिसहरूलाई खुवाउन अन्य देशहरूबाट अन्न वा विश्व बैंकबाट पैसा पनि उधारो लिनुपर्छ। अमेरिकी अनुसन्धान अधिकारीका अनुसार अभियुक्त चिनियाँ कम्युनिष्ट पार्टीका सक्रिय सदस्य हुन् र उनीहरुले यस कामका लागि चीनबाट आर्थिक सहयोग लिइरहेका थिए । यो अमेरिकी जनताको जीवन, सम्पत्ति र आर्थिक सुरक्षाका लागि अत्यन्तै खतरनाक छ।यो सम्पूर्ण मामिलामा एफबीआई, अमेरिकी भन्सार र सीमा सुरक्षा बलले छानबिन गरिरहेको छ । दुवै अभियुक्तलाई अदालतमा पेस गरी अनुसन्धान एजेन्सीले थप अनुसन्धान गरिरहेको छ ।एजेन्सी

# कोरियाका राष्ट्रपति, कारखानाको कामदार देखी चक्कु हमलाको सामनासम्म

**सियोल ।**
दक्षिण कोरियामा पछिल्लो ६ महिनादेखि राजनीतिक उथलपुथल देखिँदै आएको थियो ।



जसका कारणले त्यहाँ ३ जुन २०२५ मा विशेष अवस्थामा राष्ट्रपतिको निर्वाचन भएको थियो। यस निर्वाचनमा बामपन्थी झुकाव राख्ने लिबरल पार्टीका उम्मेदवार ली जे–म्युङ विजयी भएका छन्। योसँगै उनका प्रतिस्पर्धी किम मुन–सुले आफ्नो हार स्वीकार गरिसकेका छन् ।

योनह्याप समचार एजेन्सीका अनुसार जे–म्युङले ४९.३ प्रतिशतभन्दा बढी मत पाएका छन् भने झण्डै २७ वर्षपछि मुलुकमा ८० प्रतिशतभन्दा बढी मत खसेको छ । तर, यीनै दक्षिण कोरियाका नयाँ राष्ट्रपतिले आफ्नो राजनीतिक करियरमा घातक आक्रमणलगायत फ्याक्ट्रीमा काम गर्नु पर्ने देखी अनेकौं थुप्रै चुनौतीहरूको सामना गर्नुपरेको थियो।

दक्षिण कोरियामा भएको यो निर्वाचन पछिल्लो ६ महिनाको परिस्थितिमा आधारित छ । देशका पूर्व राष्ट्रपति युन सुक येओलले अचानक मार्सल ल लागू गर्ने घोषणा गरे पछि यसपछि अवस्था बिग्रन थाल्यो । मार्सल लको घोषणापछि देशभर विरोध भयो र जनता सडकमा निस्किएका थिए । परिस्थिति यस्तो बन्यो कि राष्ट्रपतिले आफ्नो निर्णय फिर्ता लिनु पर्यो । यससँगै दक्षिण कोरियाका राष्ट्रपतिले प्रत्यक्ष टिभीमा शिर झुकाएर माफीसमेत मागेका थिए ।

सन् १९६३ मा ग्योङबुक प्रान्तको एक दुर्गम पहाडी गाउँ एन्डोङमा जन्मिएका ली गरिब परिवारका थिए। सन् २०२२ को चुनावमा ली जे म्युङ साल्ले साँघुरो मतान्तरले हार बेहोर्नु परेको थियो । त्यतिबेला उनको पार्टी तेस्रो स्थानमा थियो ।

उनी सुरुमा मानवअधिकार वकिलका रूपमा परिचित थिए तर पछि उनी राजनीतिमा प्रवेश गरेका हुन् । पूर्व राष्ट्रपति युनविरुद्धको महाभियोगमा म्युङको ठूलो भूमिका रहेको छ । यही कारण पार्टीले उनलाई राष्ट्रपतिको उम्मेदवार बनाएको हो ।

राजनीतिमा आउनु अघि उनले करिब २० वर्षदेखि मानवअधिकार अधिवक्ताको रूपमा काम गरे । सन् २००५ मा मात्रै उनी राजनीतिमा प्रवेश गरेका थिए। लीले यसअघि दक्षिण कोरियाको सबैभन्दा बढी जनसङ्ख्या भएको प्रान्त ग्योन्गी प्रान्तका गभर्नर र सेओङनाम सहरको मेयरको रूपमा काम गरेको अनुभव रहेको छ ।त्यसपछि उनले तीन वर्षसम्म ग्योङगी प्रान्तको गभर्नरको रूपमा काम गरे। मुलुकमा लगाइएको सैनिक शासनकालमा राष्ट्रिय सभाको पर्खालमा चढेको उनको तस्बिर भाइरल भएको थियो । म्युङले कठिन समयमा कारखानामा पनि काम गरेका थिए भने सन २०२४ मा बुसान भ्रमणका क्रममा म्युङलाई घाँटीमा ७ इन्च लामो चक्कुले प्रहार गरिएको थियो । डिपी नेतालाई उपचारका लागि सियोल नेसनल युनिभर्सिटी अस्पताल लगिएको थियो ।

तर, त्यहाँवाट बाँचेका उनी अन्ततः सबैभन्दा बढी मत ल्याएर उनी देशको राष्ट्रपति बने ।एजेन्सी

# च्याङ्ग्राका भुवाको बजार सुनिश्चित



**मुस्ताङ ।**

च्याङ्ग्राको भूवाको बजार सुनिश्चित भएपछि यहाँको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका–५ फल्याकका किसानले अतिरिक्त आम्दानी गर्न थालेका छन् । खेतबारीको लागि आवश्यक पर्ने प्राङगारिक मल आपूर्ति र मासुका लागि बिक्री गर्न पालिने च्याङ्ग्राको शरीरमा भएको भूवाले बजार पाउन थालेपछि किसानले अतिरिक्त आम्दानीको अवसर पाएका हुन् ।

फल्याकका किसान राजु गुरुङकाका अनुसार बजारको सुनिश्चितता, किसानलाई फुर्सद नहुने र दक्ष जनशक्तिको अभावमा यसअघि ऊन निकाल्ने गरिएको थिएन् । 'शरीरबाटै झरेर खेर जाने गरेको थियो,' उनले भने 'बजार सुनिश्चित गरेका पश्मिना व्यवसायीले च्याङ्ग्राको भूवा निकाल्न दक्षजनशक्ति समेत व्यवस्था गरेकाले आजदेखि भूवा निकाल्न थालेका छौँ ।'

नेपाल पश्मिना उद्योग सङ्घले काठमाडौँमा सञ्चालन गरेको फाइवर प्रोसेसिङ प्रालिले फस्याकलगायत मुस्ताङ र डोल्पाको छार्काका किसानले उत्पादन गर्ने भूवाको बजार सुनिश्चित गरेको छ । वैशाख–जेठ महिना च्याङ्ग्राको शरीरबाट भूवा निकाल्ने याम हो । च्याङ्ग्राको भूवा पश्मिनाका लागि (क) श्रेणीको कच्चापदार्थ हो ।

भेडा र चौरीको तुलनामा च्याङ्ग्राको भूवालाई गुणस्तरीय मानिएको छ । डेढ वर्षअघि मुस्ताङबाट नमूना सङ्कलन गरेर मङ्गोलियाको प्रयोगशालामा लगेर च्याङ्ग्राको भूवाको गुणस्तर परीक्षण गरिएको थियो । प्रयोगशालाको प्रतिवेदन अनुसार मुस्ताङी च्याङ्ग्राको भूवा पश्मिनाका लागि उपयुक्त मानिएको नेपाल पश्मिना उद्योग सङ्घका अध्यक्ष धनप्रसाद लामिछानेले बताए ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–५ का वडाध्यक्ष सुरेन्द्र गुरुङका अनुसार फल्याक गाउँमा बसोबास गर्ने करिब ६० घरपरिवारमध्य १९ घरपरिवारको व्यावसायिक च्याङ्ग्रा फार्म छ । घरघरमा थोरै सङ्ख्यामा च्याङ्ग्रा पाल्नेहरु पनि छन् ।

फल्याकमा करिब पाँच हजार च्याङ्ग्रा रहेका वारागुङ मुक्तिक्षेत्र–५ मा कार्यरत पशु स्वास्थ्य प्राविधिक समीक्षा कडायतले बताए । यसवर्ष करिब दश किलोग्राम भूवा सङ्कलन हुने अनुमान गरिएको छ । किसानबाट पश्मिना उद्योगीले प्रतिकिलो चार हजार पाँच सय रुपैयाँ का दरले भूवा खरिद गर्छन् ।

मुस्ताङ र डोल्पाको छार्काका किसानले विसं २०७९ मा तीन हजार किलोग्राम, २०८० मा दुई हजार किलोग्राम र २०८१ मा दुई हजार दुई सय किलोग्राम भूवा बिक्री गरेका छन् । पश्मिना व्यावसायी आवद्ध नेपाल फाइवर प्रोसेसिङ उद्योगले लोमान्थाङमा भूवा सङ्कलन र काठमाडौँमा प्रशोधन केन्द्र स्थापना गरेको छ ।

नेपालबाट विदेश निर्यात हुने प्रमुख बस्तु पश्मिना बनाउन च्याङग्राको भूवा प्रशोधन गराएर बनाएको धागो कच्चापदार्थको रुपमा प्रयोग हुन्छ । सङ्घका अनुसार नेपालबाट वार्षिक छ अर्ब रुपैयाँको पश्मिना निर्यात हुन्छ ।

वार्षिक पाँच अर्ब रुपैयाँ मूल्य बराबरको चार सय टन पश्मिना बनाउन आवश्यक पर्ने भूवाको धागो आयात हुन्छ ।

ठमेल, भक्तपुर, पाटन, सौराह, पोखरा, नगरकोटलगायत पर्यटकीयस्थलमा घुम्ने आउने पर्यटकले एक अर्ब ५० करोड रुपैयाँ मूल्य बराबरको पश्मिना किनेर लैजाने गरेका छन् । मुस्ताङी च्याङ्ग्राको भुवाको गुणस्तरको दिगोपनाका लागि पश्मिना उद्योग सङ्घमार्फत किसानस्तरमा विभिन्न कार्यक्रम सञ्चालन गरिएको अन्तरर्राष्ट्रिय व्यापार केन्द्रका परामर्शदाता सिचन श्रेष्ठले बताए ।

अन्तरराष्ट्रिय व्यापार केन्द्र (आइसिटी)को सहयोगमा नेपाल पश्मिना सङ्घले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङ र स्थानीय तहका पशु सेवा शाखासँगको समन्वयमा गुणस्तरीय भूवा उत्पादन र सङ्कलनका विषयमा प्राविधिक सीप सिकाउन थालिएको छ ।

बाह्य परजीविको आक्रमणबाट जोगाउन, शरीरमा भएको भूवालाई कीटाणुरहित, स्वच्छ र गुणस्तरीय बनाउन भुवा निकाल्नु अघि डिपिङ ट्याङ्कीमा च्याङग्राको शरीर डुबाउने सीप सिकाउन स्थलगत तालिम सुरु गरिएको छ ।

अन्तरराष्ट्रियस्तरको प्रयोगशालामा गरिएको परीक्षणबाट पश्मिनाका लागि उपयुक्त र गुणस्तरीय पुष्टि भएको मुस्ताङी च्याङ्ग्राको भूवाको दिगोपना र गुणस्तरमा ह्रस आउन नदिन किसानलाई सप र प्रविधिमा सघाउने कार्यक्रमलाई निरन्तरता दिएको परामर्शदाता श्रेष्ठले बताए ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङका प्रमुख लालमणि अर्यालका अनुसार जिल्लामा ५२ हजार च्याङ्ग्रा पालिएकोमा ३० प्रतिशतको हाराहारीमा मात्र भूवा निकाल्ने गरिएको छ ।रासस

# निराश नबनौँ, देशलाई समृद्ध बनाउन सकिन्छः डा महतो

**काठमाडौँ ।**

जनता समाजवादी पार्टीका नेता डा वीरेन्द्रप्रसाद महतो विसं २०७९ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा सिरहा–४ बाट निर्वाचितभएका हुन ।

*जनता समावादी पार्टी नेपालका प्रमुख सचेतक महतो नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा वन तथा वातारणमन्त्री बनेका थिए । बैंक तथा वित्तीय क्षेत्रका अनुभवी उनिसँग राससका समाचारदाता सुशील दर्नालले लिएको अन्तर्वार्ताको सम्पादित अंशः*



**माननीयज्यू हिजोआज के गर्दै हुनुहुन्छ ?**

राजनीतिक प्राणी भएपछि भेटघाट, विचार–विमर्श, पार्टीका बैठक यस्तैमा व्यस्त हुने गरिएको छ । जनप्रतिनिधिका नाताले जिल्ला आवातजावत पनि उस्तै चलिरहेको हुन्छ । यसको अलावा सामाजिक क्षेत्रमा पनि सक्रिय छु ।

**प्रतिनिधिसभामा तपाईको अनुभव कस्तो रह्यो ?**

संसदीय यात्रा, अनुभव रोचक र रमाइलो नै छ । संसद् आफँमा जनप्रतिनिधिको सर्वोच्च थलो हो । मेरा लागि सदन हरेक दिन नयाँ सिकाइ भएको छ । नीति निर्माणमा हाम्रो हस्तक्षेपकारी भूमिका बढाउनुपर्छ । अहिले कानुन बनाउनेभन्दा पनि विकासप्रति सांसदको सक्रियता देख्छु । सार्वभौम सांसदको भूमिकालाई नजरअन्दाज नगरियोस भन्ने मेरो सुझाव रही आएको छ ।

**संविधान कार्यान्वयनको अवस्थालाई कसरी हेर्नुभएको छ ?**

संविधान जारी भएको एक दशक पूरा हुन लागेको छ । हामीले यसबीचमा दुई वटा आमनिर्वाचन सम्पन्न गरेका छौँ । यो अवस्थामा संविधान कार्यान्वयनमा प्रभावकारिता नै देखिएको छ । तर, केही कुरामा ढिलासुस्ती भएको छ । प्रदेशलाई बलियो बनाउन सकिएको छैन । अझैसम्म प्रहरी ऐन दिन सकिएको छैन । सङ्घीय निजामती ऐन जारी भएको छैन । प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउँदा मात्रै सङ्घीयता कार्यान्वयन हुन्छ । यो संविधानलाई परिस्कृत गरिनुपर्छ भन्ने मत राख्ने दलको प्रतिनिधि भएका नाताले अब संविधान संशोधन गर्ने बेला आएको छ । यसप्रति अहिलेको कांग्रेस–एमाले नेतृत्वको सरकारले पहलकदमी पनि लिएको छ । यो सुखद पक्ष हो । जनतालाई अधिकार सम्पन्न बनाउने सवालमा संविधान अझै परिस्कृत हुनुपर्छ । संविधान अपुरो र अधुरो भयो भन्नेका आवाजलाई पनि अब हुने संशोधनमा समेटिनुपर्छ । परिवर्तनको लागि अग्रभागमा लडेका राजनीतिक शक्तिबीच आपसी सहमति र बृहत् छलफलबाट नै संशोधनको निष्कर्षमा पुग्नुपर्छ ।

**संविधान संशोधनको विषयमा तपाईको विचार के छ ?**

हाम्रो पार्टीले संविधान संशोधनको माग संविधान जारी भएकै दिनदेखि उठाउँदै आएको छ । संविधान जारी हुँदा मुलुक आन्दोलित थियो । पटकपटक संविधान संशोधनको लागि पहल भएका छन् । तर, यसपटक दुई ठूला दल कांग्रेस र एमालेले जिम्मेवारीबोध गरेर अग्रसरता लिएका छन् । हामीलाई आशा छ–यो सरकारले सबै पक्षको भावनालाई समेटेर संविधानलाई सबैको साझा दस्तावेज बनाउने सवालमा निर्णायक भूमिका खेल्नेछ । संशोधन प्रक्रिया आफैंमा जटिल विषय भएकाले सबै पक्षको सहमति लिएर अघि बढाउँदा बढी प्रभावकारी हुने विश्वास लिएको छु ।

**सुशासनको लागि सरकारलाई तपाईंको सुझाव के छ ?**

सुशासन देश विकासको लागि पहिलो शर्त हो । हाम्रो देशमा राजनीतिक स्थायित्व नहुँदा विकासको गति सुस्ताएको छ । सुशासन शासकको चरित्रको कुरा हो । कर्मचारीतन्त्रलाई चुस्त बनाउनुपर्छ । अहिलेको सरकारले सुशासनलाई पहिलो शर्त बनाएर काम गरिराखेको छ । लोकतन्त्रलाई अझै उन्नत बनाउनको लागि पनि सरकारले सुशासनको विषयमा कुनै सम्झौता गर्नुहुँदैन । सरकारले बोली र व्यवहारमा एकरूपता ल्याउनुपर्छ । बेथिति, विसङ्गति र विकृतिलाई जरैदेखि उखेल्न सरकार निर्मम होस भन्नेसुझाव छ ।

**सङ्घीयतालाई अझै सुदृढ बनाउन के गर्न आवश्यक छ ?**

सङ्घीयता गणतन्त्रको आत्मा हो । मुलुक सङ्घीयतामा गएको आज १० वर्ष भयो । सङ्घीयताको मूल मर्मअनुसार काम हुनुपर्छ । तीनै तहबीच उचित समन्वयको अभाव खड्किएको छ । केन्द्रले तल्लो तहसम्म अधिकार पुर्‍याउने सवालमा कञ्जुस्याइँ गर्नुहुँदैन । यसलाई प्रभावकारी रूपमा अगाडि बढाउन आवश्यक कानुनको निर्माणमा विलम्ब भइरहेको कुरा मैले माथि पनि बताइसकेको छु । त्यसैले सङ्घीय कानुनको निर्माण यथाशक्य गरिनुपर्छ । केन्द्र सरकारको जग हल्लिनासाथ प्रदेश तहसम्म हुने हलचल र सरकार परिवर्तन हुने महारोग बनेको छ । केन्द्रमा सरकार परिवर्तन हुँदा प्रदेशमा पनि नराम्रो प्रभाव परेको देखियो । यसको सुधारको लागि गम्भीर पहल गरिनुपर्छ । यो विषय पनि संविधान संशोधनको बेलामा समेटिनुपर्छ ।

**युवा पलायन रोक्नका लागि के गर्न सकिएला ?**

रोजगारी, उच्च शिक्षाको लागि नेपालबाट विदेश जाने युवाको सङ्ख्या ठूलो छ । देशभित्रै उचित रोजगारीको प्रवन्ध मिलाउनुपर्छ । ठूलो सङ्ख्यामा रोजगारी सिर्जना गर्ने उद्योग तथा कलकारखाना खोलिनुपर्छ । यो प्रविधिको युग हो । सरकारले युवालाई प्रोत्साहन गर्न स्टार्टअपमा राम्रो स्किम लगाएको छ । स्टार्टअप उद्यमीलाई सीप विकास, व्यवसाय विस्तार, बजारीकरण र मूल्य शृङ्खलामा आबद्ध गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रम, तीन प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउन उचित रकमसमेत विनियोजन गरेको छ । यसले युवा पलायन रोक्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु । युवाको निम्ति सरकारले केकस्ता कार्यक्रम तर्जुमा गर्नुपर्छ ?

यो देशको दक्ष जनशक्ति भनेको नै युवा हो । युवाको उज्ज्वल भविष्यको लागि सरकारले पनि गम्भीर पहल लिनुपर्छ । युवाका लागि उद्यमशीलता विकास गरिनुपर्छ । उचित समयमा उचित रोजगारीको प्रबन्ध गरिनुपर्छ । अहिले सरकारले शिक्षित युवालाई उद्यमशील र स्वरोजगार बनाउन शैक्षिक योग्यता, व्यवसाय दर्ता, सीप परीक्षणको प्रमाणपत्र र परियोजना प्रस्तावको आधारमा बिनाधितो दुई लाखदेखि २० लाखसम्म तीन प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने कुरा बजेटमा सुनिश्चित्ता गरेको छ ।

**तपाईं वन तथा वातावरणमन्त्री हुँदा गर्नुभएको मुख्य मुख्य काम के–के हुन ?**

वन तथा वातावरण मन्त्रालयमा छोटो समय नेतृत्व गर्दा नीतिगत सुधारमा विशेष ध्यान दिएँ । महत्वपूर्ण मानिएका वन ऐन ल्याउन पहल गरेँ । विकास निर्माणमा वन जहिल्यै पनि बाधक भनिँदै आएको छ । त्यसमा सुधारको लागि भूमिका खेलेको छु । वातावरण संरक्षणको क्षेत्रमा छोटो अवधिमा मैले सुधारको लागि पनि आवश्यक पहल गरेको छु । कोप–२९ मा नेपालको आफ्नो एजेण्डा स्थापित गर्न पहिलो पटक आफ्नै प्रदर्शनी राखिएको थियो । त्यो नेपालको लागि अति नै प्रभावकारी मञ्चको रुपमा स्थापित भयो त्यो । जलवायु न्यायको सिद्धान्तअनुरुप नेपालको हित संरक्षणको लागि अन्तरराष्ट्रिय मञ्चमा बहस पैरवी गरेको मेरो भूमिका अहिले पनि स्मरणीय नै छ । जलवायु कोषमा वित्तीय पहुँच अभिवृद्धि गर्न भूमिका खेलेको छु ।

**पछिल्लो समय व्यवस्थामाथि नै प्रश्न उठ्न थालेको छ, यसबारे तपाईंको धारणा के छ ?**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाली जनताको ठूलो त्याग, तपस्या र बलिदानीबाट प्राप्त व्यवस्था हो । नेपाली जनताको प्रत्यक्ष सहभागिता र पटक–पटक सङ्घर्ष गरेर ल्याएको उत्कृष्ट व्यवस्था भएकाले यसको सवलीकरणमा विशेष ध्यान दिनुपर्छ । अहिले व्यवस्थामाथि प्रश्न उठेकोभन्दा पनि देश र जनताको अवस्थामा सुधारको आवाज हो भनेर मैले बुझेको छु । यो व्यवस्था कार्यान्वयनको सवालमा पनि केही कमीकमजोरी भएका छन् । त्रुटि सच्याउँदै जानुपर्छ । शासकीय सोचमा आमूल परिवर्तन ल्याउनुपर्छ । सुशासन कायम गर्ने सवालमा सरकार र नेतृत्वमा बसेकाले एकदमै निर्मम भएर कदम चाल्नुपर्छ । एकैपटक र एकैदिन सबै कुरा हुँदैन, परिवर्तन देखिँदैछ । विकास निर्माण भैरहेका छन् । कृषि, पर्यटन, शिक्षा, स्वास्थ्यमा विशेष ध्यान दिनुपर्नेछ ।

**देशको अवस्था परिवर्तन भएको छ, जनताको अवस्था अझै सुधार गर्नको लागि के गर्न सकिन्छ ?**

देशमा केही नभएको होइन, भइरहेको छ । विकास निर्माणका काम पनि भइरहेकै छन् । जनताका समस्यालाई सरकारले गम्भीर रुपमा लिनुपर्छ । सेवामा प्रभावकारिता देखाउनुपर्छ । गरिबी हटाउने र रोजगारी सिर्जना गर्ने बिषयलाई जोड दिनुपर्छ । निजी क्षेत्रको सहकार्यमा देशमै रोजगारी सिर्जना गर्नतर्फ सरकारले पाइला चालिसकेको छ । देश विकास लागि सबैले हातेमालो गर्नुपर्छ । हाम्रो देश प्राकृतिक स्रोत र साधनले अत्यन्तै धनी देश हो । यो देश हामी आफैँले बनाउने हो । कोही विदेशी आएर देश बनाइदिँदैनन् । देश धनी भएपछि मात्रै जनता पनि धनी हुन्छन् । देश र जनतालाई शिरमा राखेर काम गर्नपर्ने आजको आवश्यकता छ । तीनै तहका सरकारबीच उचित समन्वय गरेर विकास र समृद्धिको यात्रामा अघि बढ्नुपर्छ । नीतिगत सुधारको थालनी भएका छन् । अबको दशक लगानी दशकको घोषणा गरेर मुलुकलाई समृद्धिको यात्रामा अघि बढाउनुपर्छ ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

निराश नबनौँ । हामीलाई प्रकृतिले धेरै कुरा दिएको छ । हामीले सोचमा परिवर्तन ल्याउनुपर्छ । यो देशलाई समृद्ध बनाउन सकिन्छ । सबै मिलेर असल कर्म गरौँ । राम्रो काममा सबैको साथ र सहयोग हुनुपर्छ । हामीले भावी पुस्तालाई सुन्दर देश सुम्पिनुपर्नेछ । नेपालको भविष्य सुन्दर छ । प्रकृतिबाट ठगिएका देशले आज विकासमा ठूलो फड्को मारिसकेका छन् । हामीलाई त प्रकृतिले असीमित स्रोत दिएको छ, यसको उचित प्रयोगले समृद्धिको यात्रामा अघि बढिरहेका छौँ । सरकार, निजी क्षेत्र, राजनीतिज्ञ र जनता मिलेर देशको भलाइको लागि काम गर्ने हो भने समृद्ध नेपालको सपना साकार पार्न समय लाग्दैन ।रासस

# बर्दिवासमा ट्राफिक जनचेतना सप्ताह शुरु



**मधेशदृष्टि**
**महोत्तरी ।**

'समुदाय–प्रहरी साझेदारी : सुरक्षित सडक, सुरक्षित समाज' भन्ने मूल नाराका साथ बर्दिवासमा सडक सुरक्षा सप्ताह–२०८२ शुरु गरिएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिवासको आयोजनामा शुरु गरिएको जनचेतनामूलक अभियानले सडक दुर्घटना न्यूनीकरण, सडक अनुशासनमा नागरिक सहभागिता र प्रहरी–समुदाय सहकार्य सुदृढीकरणलाई मुख्य उद्देश्यका रूपमा लिएको छ । कार्यक्रमको उद्घाटन बिहीबार बिहान बर्दिवास नगरपालिका–१ स्थित गौतम होटल अगाडिको खुला चौरबाट प्रभातफेरीमार्फत गरिएको हो । सडक सुरक्षासम्बन्धी जनचेतनामूलक प्लेकार्डहरू, ब्यान्ड बाजाको साथ निकालिएको प्रभातफेरी बर्दिवास चोकका विभिन्न भागको परिक्रमा गरी सोही स्थानमा समापन गरिएको थियो ।

कार्यक्रमको नेतृत्व गर्दै जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिवासका प्रहरी निरीक्षक लक्ष्मी राज जोशीले दुर्घटना न्यूनीकरणका लागि सामूहिक प्रयास अपरिहार्य रहेको बताए । 'नियम पालना गरेर मात्र दुर्घटनाबाट जोगिन सकिन्छ । नागरिक, विद्यार्थी, व्यवसायी सबैको सहभागिता बिना यो सम्भव छैन,' उनले भने । कार्यक्रमका प्रमुख अतिथि बर्दिवास नगरपालिकाका नगरप्रमुख प्रहलाद कुमार क्षेत्रीले सडक सुरक्षा ट्राफिक प्रहरीको मात्र नभई सम्पूर्ण समाजको साझा जिम्मेवारी भएको उल्लेख गरे । 'विद्यालय, अभिभावक, व्यवसायी, यातायात चालकदेखि आम नागरिक सबैले भूमिका खेल्नुपर्छ,' उनले भने, 'यस्ता कार्यक्रम निरन्तर हुन जरुरी छ ।' प्रभातफेरीमा सहभागीहरूले बोकेको प्लेकार्डमा 'सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं', 'फुटपाथ नभए सडकको दाहिने किनारबाट हिँडौं', 'ट्राफिक नियम मिच्नु लाजको विषय हो' लगायतका जनचेतनामूलक सन्देश उल्लेख थिए । सहभागीहरूका अनुसार यी सन्देशहरूले सडक प्रयोगकर्ताको ध्यान खिचेर सचेतना बढाउन ठूलो भूमिका खेलेका छन् । कार्यक्रममा बर्दिवासका विभिन्न विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक, ट्राफिक प्रहरी, स्थानीय जनप्रतिनिधि, यातायात व्यवसायी र सर्वसाधारणको उत्साहजनक उपस्थिति थियो ।

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१

# पर्सामा सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक जनचेतना सप्ताह

**वीरगंज ।**
पर्सामा सवारी दुर्घटना न्यूनीकरणका गर्नका लागि ट्राफिक जनचेतना सप्ताह कार्यक्रम शुभारम्भ गरिएको छ । सवारी दुर्घटनामा न्यूनीकरण गरेर यात्रु र सवारी चालकलाई मर्यादित गराउनका लागि ट्राफिक जनचेतना सप्ताह शुभारम्भ गरिएको हो । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विभिन्न रोगव्याधीले मृत्यु हुनेको सङ्ख्या भन्दा पनि सवारी दुर्घटनामा परेर मृत्यु हुनेको सङ्ख्या उच्च भएकाले पनि ट्राफिक सचेतनामूलुक कार्यक्रम गर्न आवश्यक रहेको बताए । 'सवारी दुर्घटनालाई दुर्घटनाको पनि महारोग भन्ने चलन रहेको छ,' उनले भने, 'ट्राफिक नियम पालना गरेर सभ्य नागरिकको पहिचान गराउन जरुरी भइसकेको छ ।' पर्साका प्रहरी प्रमुख गौतम मिश्रले सवारी चालक तथा यात्रुले राम्रोसँग ट्राफिक नियम पालना गर्ने हो भने सवारी दुर्घटनाबाट ज्यान जोगाउन सकिने बताए । 'ट्राफिक जनचेतना सप्ताहमूलुक कार्यक्रममा ट्राफिक नियमको पालना आफ्नै लागि हो भन्ने भावनाको विकास गर्न जरुरी रहेको छ,' उनले भने, 'सबैले नियम पालना गरेर सभ्य नागरिकको पहिचान गराउन जरुरी भइसकेको छ ।' जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले जेठ २२ गतेदेखि जेठ २८ गतेसम्म ट्राफिक जनचेतनामूलुक कार्यक्रम गर्ने तयारी गरेको छ । जसअन्र्तगत विभिन्न विद्यालयका विद्यार्थी माझ अन्तरक्रिया, सडकमा सडक सुरक्षा कार्यक्रम लगायतका गतिविधि गर्नेछ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख लोकराज भट्टले सप्ताहव्यापी कार्यक्रम गरेर सवारी दुर्घटना न्यूनीकरणका अभियान सञ्चालन गर्ने बताए । 'कार्यालयले नियमित रुपमा नै ट्राफिक जनचेतनामूलुक कार्यक्रम गर्दै आइरहेको छ,' उनले भने, 'अहिले विशेष कार्यक्रमको रुपमा ट्राफिक जनचेतना अभियान शुरुवात गरेका छौँ ।' पर्सा जिल्लामा चालु आर्थिक वर्षको १० महिनामा सवारी दुर्घटनामा परेर ३४ जनाले ज्यान गुमाएका छन् । गत आर्थिक वर्षभरिमा भने सवारी दुर्घटनामा परेर ५१ जनाले ज्यान गुमाएका थिए । जिल्ला ट्राफिक प्रहरी कार्यालयका वरिष्ठ प्रहरी नायब निरीक्षक गुणनिधि खकुरेलले कार्यालयले अभियान अन्र्तगत विभिन्न सरोकारवाला निकायसँग अन्तरक्रिया र छलफल गरेर जनचेतनालाई अभिवृद्धि गर्ने जानकारी दिए । सो कार्यक्रममा पर्साका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी, नागरिक समाज लगायतका दुई हजारभन्दा धेरैको उपस्थिति रहेको थियो । ट्राफिक जनचेतना अभियान वीरगंजको घण्टाघर, आर्दशनगर, अलखिया मठ हुदैँ फेरि घण्टाघरमा आएर जनचेतना अभियान सम्पन्न भएको थियो । रासस




# जसपा छाडेर कांग्रेस फर्किए श्याम दुई सय कार्यकर्ता पनि साथमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रदेश सभा सदस्य निर्वाचन २०७४ मा धनुषा क्षेत्र नं. १ (१) बाट जनता समाजवादी पार्टी (जसपा) नेपालबाट उम्मेदवारी दिएका श्याम नारायण यादव पुनः नेपाली कांग्रेसमा फर्किएका छन् । बिहीबार कांग्रेसका केन्द्रीय सभापति शेरबहादुर देउवाको हातबाट अबिर–माला लगाउँदै यादवसहित करिब २ सय नेता कार्यकर्ता औपचारिक रूपमा कांग्रेसमा प्रवेश गरेका हुन् । कांग्रेसको पूर्वसक्रिय नेता रहेका यादव विद्यार्थी राजनीतिदेखि नै पार्टीप्रति निष्ठावान थिए । तर, २०७४ सालको प्रदेशसभा निर्वाचनताका जसपाका नेताहरूको पहल र दबाबमा उनी कांग्रेस परित्याग गरी 'गरिबसँग विशेश्वर कार्यक्रम'को अध्यक्ष पद त्याग्दै जसपामा प्रवेश गरेका थिए । सोही निर्वाचनमा उनले धनुषा १ (१) मा उम्मेदवारी दिए पनि झिनो मतान्तरले पराजित भएका थिए । यादवले आफूले समयको प्रवाहमा एकपटक कांग्रेस छाडे पनि त्यही पार्टीप्रतिको भावनात्मक सम्बन्ध कहिल्यै अन्त्य नभएको बताए । 'म कांग्रेसमै हुन्थेँ, म कांग्रेसमै थिएँ, फेरि कांग्रेसमै फर्किएको छु,' यादवले भने, 'अब जीवनको बाँकी समय पार्टी र जनताको सेवामा समर्पित गर्नेछु ।' नेपाली कांग्रेसका संस्थापक नेता स्वर्गीय ठाकुरप्रसाद ढुङ्गानाको ६२औँ स्मृति दिवसको अवसर पारेर धनुषामा आयोजित विशेष कार्यक्रममा यादवसहितको समुह कांग्रेस प्रवेश गरेका हुन् ।

# सम्पत्तिको विवादमा महिलामाथि कुटपिट जाहेरी लिन प्रहरीले अस्वीकार गरेको पीडितको आरोप

मधेशदृष्टि
जनकपुरधाम ।
सम्पत्तिसम्बन्धी विवादका कारण आफ्नै माइलो भिनाजुबाट कुटपिटमा परेकी एक महिलाले जिल्ला प्रहरी कार्यालय धनुषाले उजुरी दर्ता गर्न अस्वीकार गरेको आरोप लगाएकी छन् । पीडित महिलाले घटना सार्वजनिक गर्न बिहीबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गर्दै न्यायका लागि संघर्षरत रहेको बताएकी हुन् । जनकपुरधाम उपमहानगरपालिका–१७ घर भई हाल वडा नं २३ विन्धीमा बसोबास गर्दै आएकी राजवती कुमारी ठाकुरले आफ्नो हात भाँचिने गरी भएको आक्रमणबारे प्रमाणसहित उजुरी गर्न गएका बेला पनि प्रहरी कार्यालयले 'घरको मान्छे हो, मिलापत्र गर' भन्दै बारम्बार दबाब दिएको गुनासो गरिन् । उनका अनुसार जेठ १ गते बिहान करिब ७ बजे आफ्नै घरको आँगनमा बसिरहेको बेला उनका माइलो भिनाजु सरोज ठाकुर (बरही) ले लाठी प्रहार गरेर बाँया हातको नाडी भाँचिदिए । त्यसक्रममा हातको कान्छी औंला पनि चर्किएको र उनी आफ्नो नियमित काम गर्न नसक्ने अवस्थामा पुगेकी छन् । 'सामाजिक मिलापको नाममा प्रहरी प्रशासनले पीडकमाथि संरक्षण दिइरहेको देखिन्छ,' राजवतीको आरोप छ । उनका अनुसार आक्रमणको जड विरासतमा प्राप्त जग्गा हो । उनका पिता रामचन्द्र ठाकुरको नाममा रहेको बिन्धी–७ स्थित जग्गा भिनाजु सरोज ठाकुरले ठगीपूर्वक आफ्नो श्रीमती सोनावती कुमारीको नाममा वकसपत्र गराएको उनले दाबी गरिन् । सोही जग्गामा आफू र जेठी दिदी पार्वती कुमारीको समेत हक रहेको दाबी गर्दै दुवै बहिनीले धनुषा जिल्ला अदालतमा वकसपत्र बदरको मुद्दा दायर गरेका थिए । सो मुद्दा चलिरहेकै बेला रिसइवीमा भिनाजुले योजनाबद्ध आक्रमण गरेको उनी बताउँछिन् । घटनामा राजवतीसँगै उनका ५८ वर्षीय काका झरीलाल ठाकुर पनि घाइते भएका छन् । उनलाई छाती, पेट र खुट्टामा चोट लागेको र प्रादेशिक अस्पताल जनकपुरधामको इमरजेन्सी वार्डमा उपचार गरिएको हो । राजवतीले पटक–पटक जिल्ला प्रहरी कार्यालय पुगेर मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १९२(१), २९६(ज) र उपदफा ४ बमोजिम गम्भीर अंगभंगजस्तो अपराधको उजुरी दिन खोज्दा समेत प्रहरीले जाहेरी दर्ता गर्न अस्वीकार गर्दै बारम्बार मिलापत्रको दबाब दिएको आरोप लगाएकी छन् । उनले भनिन्, 'मैले दोषीलाई कानूनअनुसार हदैसम्मको कारबाहीको माग गरेकी हुँ । तर, प्रहरी मिलाप गर भनेर मानसिक दबाब दिइरहेको छ । न्यायको आशमा म निराश भएकी छु ।' राजवतीले भनिन्, 'म कुनै मिलाप चाहन्न, यो सामान्य झगडा होइन, योजनाबद्ध आक्रमण हो । हात भाँचिने गरी कुटपिट गर्ने मान्छेलाई सजाय हुनु आवश्यक छ । यस्ता घटनामा प्रहरी आफैंले पीडकलाई जोगाउन खोजेपछि आम जनताले कसरी न्याय पाउने ?'




# मुख्यमन्त्री सिंहसँग एडीबी टोलीको भेटवार्ता

मधेशदृष्टि
जनकपुरधाम ।
मधेश प्रदेशमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको उद्देश्यसहित अगाडि बढाइएको मूल्यांकन प्रक्रिया अन्तिम चरणमा पुगेको छ । प्रदेश सरकारले एशियाली विकास बैंक (एडीबी) को प्राविधिक सहयोगमा स्वमूल्यांकन विधि अपनाउँदै सार्वजनिक वित्तीय प्रणालीको प्रभावकारिता, पारदर्शिता र उत्तरदायित्वसम्बन्धी मापदण्डमा आधारित मूल्यांकन गरिरहेको छ । बिहीवार जनकपुरधामस्थित मुख्यमन्त्री कार्यालयमा मुख्यमन्त्री सतिश कुमार सिंह र एडीबी प्रतिनिधिमण्डलबीच भेटवार्ता भएको हो । एडीबीका नेपालस्थित निर्देशक श्रीनिवासन जर्नादनमको नेतृत्वमा आएको टोलीले मूल्यांकनको हालसम्मको प्रगति, प्रारम्भिक निष्कर्षहरू र आगामी कार्ययोजनाबारे मुख्यमन्त्री सिंहलाई जानकारी गराएको छ ।
भेटका क्रममा मुख्यमन्त्री सिंहले सार्वजनिक सेवा प्रवाहमा वित्तीय अनुशासन, पारदर्शिता र जनउत्तरदायी प्रणाली निर्माण गर्न प्रदेश सरकारले निरन्तर प्रयास गरिरहेको बताए । 'हामी विकासमा वित्तीय अनुशासन र प्रभावकारिता कायम गर्न प्रतिबद्ध छौं,' उनले भने । छलफलमा प्रदेश सरकारका प्रमुख सचिव मदन भुजेल, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन प्रसाद साहका साथै एडीबीका वरिष्ठ अधिकृत जुलिका र कृष्ण पाठक समेत सहभागी थिए । एडीबीका प्रतिनिधिहरूले मधेश प्रदेशले पिएफएम मूल्यांकनमा देखाएको सक्रियता र समन्वयको सराहना गर्दै यसले भविष्यमा बजेट कार्यान्वयन, योजना निर्माण र लेखा परीक्षण प्रणालीमा उल्लेखनीय सुधार ल्याउने विश्वास व्यक्त गरे । नेपालमा गण्डकी प्रदेशले यसअघि नै पिएफएम मूल्यांकन प्रक्रिया सफलतापूर्वक सम्पन्न गरिसकेको छ । एडीबी टोलीका अनुसार मधेश प्रदेश दोस्रो प्रदेश हो । यहाँ मूल्यांकन अन्तिम चरणमा पुगेको हो ।



# जनकपुरधाममा हर्षोल्लासपूर्वक गंगा दशहरा पर्व मनाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्राचीन मिथिलाको धार्मिक राजधानी जनकपुरधाममा बिहीबार गंगा दशहरा पर्व श्रद्धा, भक्ति एवम् हर्षोल्लासका साथ मनाइएको छ । परम्परागत धार्मिक विधिअनुसार ऐतिहासिक दशरथ तलाव र गंगासागर सरोवरमा स्नान गर्दै हजारौं श्रद्धालु भक्तजनले पवित्र स्नान र पूजा अर्चनामा सहभागी भएका हुन् । गंगा दशहराको दिन बिहानैदेखि जनकपुरधामका प्रमुख धार्मिक स्थलहरूमा भक्तजनहरूको घुइँचो लागेको थियो । श्रद्धालुहरूले सर्वप्रथम दशरथ मन्दिरमा पूजा–अर्चना गरेपछि मात्र जानकी मन्दिर, जनक मन्दिर तथा अन्य मठ–मन्दिरहरूको दर्शन गरेका थिए । यस दिन दशरथ मन्दिरमा पूजा गर्नु पहिलो कर्तव्यका रूपमा लिने परम्परा स्थानीय स्तरमा छ । नेपाल र भारतका विभिन्न स्थानबाट आएका तीर्थयात्रीहरू गंगा दशहरा मेलामा सहभागी हुन जनकपुरधाम आइपुगेका थिए । दशरथ मन्दिर परिसर, गंगासागर क्षेत्र र जानकी मन्दिर आसपासको क्षेत्र श्रद्धालुहरूको भीडले भरिएको थियो ।
गंगाको आगमनको स्मरणमा मनाइने यस पर्वको ऐतिहासिक सन्दर्भ के हो भने मर्यादा पुरुषोत्तम भगवान रामका पूर्वज राजा भागिरथले आफ्ना पितृहरूको उद्धारको निम्ति कठोर तपस्या गरी गंगालाई पृथ्वीमा अवतरण गराएका थिए । यही स्मृतिमा गंगा दशहरा पर्व मनाउने परम्परा रहेको धार्मिक विश्वास छ । पुजापछि श्रद्धालुहरूले प्रसादका रूपमा आँप, च्युरा, दही र सखर ग्रहण गर्ने चलनअनुसार बजारमा ती सामग्रीहरूको व्यापार निकै बढेको थियो । फलफूल, पूजा सामग्री र प्रसादका पसलहरूमा चहलपहल देखिन्थ्यो । गंगा दशहरा पर्वको विशेष आकर्षणको रूपमा साँझपख जनकपुरधामको गंगासागर सरोवरमा भव्य 'महागंगा आरती' आयोजना गरिएको थियो ।

# मधेशदृष्टिकर्मी रमणसहित १० पत्रकारलाई नेवापसद्वारा सम्मान



मधेशदृष्टि
जनकपुरधाम ।
नेपाल वातावरण पत्रकार समूह (नेवापस) ले प्रशंसनीय र उत्कृष्ट रिपोर्टिङ गरेका मधेशदृष्टिकर्मी वीरेन्द्र रमणसहित १० जना पत्रकारलाई सम्मान गर्न लागेको छ । 'विश्व वातावरण दिवस' को अवसरमा प्रशंसनीय र उत्कृष्ट रिपोर्टिङ गरेका रमणसहितकालाई सम्मान गर्न लागिएको हो । रमणसँगै २०२४ का लागि प्रशंसनीय र उत्कृष्ट रिपोर्टिङ गरेका अन्य ९ जना पत्रकारहरु वसन्त ढुंगाना, ओम शाही, बालिका मादेन, केशरराज क्षेत्री, युवराज कँडेल, विकास आचार्य, अर्चना दर्जी (परियार), दुर्गा रानामगर र सागर परियारलाई 'उत्कृष्ट रिपोर्टिङ–२०२४' प्रशंसा–पत्र प्रदान गर्ने घोषणा गरिएको हो । त्यस्तै, 'वातावरण पत्रकारिता पुरस्कार–२०२४' को लागि सौर्य राष्ट्रिय दैनिकका पत्रकार विशाल बस्नेत चयन भएका छन् । बस्नेतलाई वातावरण विषयमा खोजमूलक रिपोर्टिङ गरेबापत नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिने नेवापसले जनाएको छ । नेवापसका अनुसार वर्षभरिमा प्रकाशित–प्रसारित सामग्रीहरूमध्ये विषयगत विविधता, तथ्याङ्कको प्रयोग, मौलिकता, जनसरोकार, भाषा आदिका आधारमा मूल्यांकन गरी पुरस्कारको निर्णय गरिएको हो । यस वर्ष ४९ जना पत्रकारले आवेदन दिएका थिए । निर्णायक मण्डलमा समूहका पूर्वअध्यक्ष तीर्थ कोइराला संयोजक, पूर्वमहासचिव निमेष रेग्मी र वातावरण विज्ञ डा. विनोद भट्ट सदस्यका रूपमा थिए । निर्णायक मण्डलको सिफारिसमा बस्नेतलाई ३८औँ पुरस्कार विजेता घोषित गरिएको हो । सो पुरस्कार नेवापसको आगामी साधारणसभाका अवसरमा प्रदान गरिनेछ । समूहले विगत चार दशकदेखि वातावरण पत्रकारितामा योगदान पुर्याउने पत्रकारलाई हौसला दिन यो पुरस्कार दिँदै आएको छ ।

# पूर्वप्रधानमन्त्री देउवा धनुषा आएपछि मधेश प्रदेशसभा बैठकमा कांग्रेसका सांसद अनुपस्थित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्वप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा धनुषा आएपछि मधेश प्रदेशसभा बैठकमा कांग्रेसका सांसदहरु अनुपस्थित भएका छन् ।
बिहीबार दिउँसो १ बजेका लागि बोलाइएको बैठक करिब साढे २ शुरु भएकोमा कांग्रेसको तर्फबाट जिवछी यादव बाहेक कुनै सांसद देखिएनन् । प्रदेशसभा बैठकमा उपस्थिति जनाएर आफु पनि निस्केको उनले बताइन् ।
पूर्वप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति देउवा धनुषामा शहिद ठाकुर प्रसाद ढुंगानाको स्मृति सभामा सहभागी हुन आएपछि चैतपश्चात् पहिलो पटक सञ्चालन भएको बैठकमा यादव बाहेक सबै सांसद अनुपस्थित भए ।
मधेश प्रदेशसभामा कांग्रेसको २२ जना सांसद छन् । बुधबारदेखि पाँचौ अधिवेश शुरु भएकोमा पहिलो बैठकमा जनता समाजवादी पार्टी नेपालको अवरोधपछि स्थगित भएको थियो । बिहीबार बसेको प्रदेशसभा बैठकमा सभामुख रामचन्द्र मण्डलले प्रदेश प्रमुखको कार्यालयबाट आएको विभिन्न पत्र पढेर सुनाएपछि प्रदेशसभामा रहेका विभिन्न दलको तर्फबाट प्रतिनिधिहरुले शुभकामना मन्तव्य दिएका थिए ।



मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन